**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**

च्याम्हासिंह, भक्तपुर–९, फोन नं. ६६१४६८६

**एकदिने दही/पनिर बनाउने तालिम**

**तालिम कार्यक्रम**

**सुरू मिति** : २०८३ मङ्सिर ५ गते, शनिबार
**समय** : बिहान १०:०० बजेदेखि
**स्थान** : संस्थाको तालिम हल
**सहभागी सङ्ख्या** : २५ जना मात्र
**दर्ता शुल्क** : ४०० ।- (प्रतिव्यक्ति)
**अन्तिम दर्ता मिति** : २०८३ मङ्सिर ४ गतेसम्म
**पुनश्च** : *पहिला आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।*

**आयोजक**
**कृषि उपसमिति**



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com



'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।

मजदुर
The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : २९७ ★ ने. सं. ११४७ कछला थ्व, सप्तमी ★ सोमबार ★ ३० कार्तिक, २०८३ ★ November 16, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




श्रीलङ्काको राजधानी कोलम्बोस्थित ओपन एयर थियटरमा सत्तारुढ वामपन्थी पार्टी जनता भिमुक्थि पेरामुना (जेभीपी) को आयोजनामा नोभेम्बर नायकहरूको ३७ औँ सहादत दिवसको स्मरणमा आयोजित श्रद्धाञ्जली सभा नोभेम्बर १४, २०२६ को दिन । नोभेम्बर १३, १९८९ मा श्रीलङ्काका प्रखर मार्क्सवादी- लेनिनवादी राजनीतिक प्रणेता रोहाना विजेविरालगायत पार्टी कार्यकर्ताहरूलाई तत्कालीन प्रतिक्रियावादी सरकारले पक्राउ गरी हत्या गरेको थियो ।

श्रद्धाञ्जली सभामा श्रीलङ्काका वर्तमान राष्ट्रपति अनुरा कुमारा दिसानायके, जेभीपीका महासचिव तिल्विन सिल्भालगायत विभिन्न क्षेत्रका नेताहरूले सम्बोधन गर्नुभएको थियो । *तस्विर : जेभीपी फेसबुकवाल*

# स्काउटले व्यक्तिलाई असल, जिम्मेवार र सहयोगी नागरिक बन्न प्रेरित गर्ने



भक्तपुर, २९ कार्तिक । निओ फ्युजन ओपन रोभर/रेन्जर क्रयु भक्तपुर नेपालको आयोजनामा सञ्चालित दोस्रो स्काउट फ्रेन्डसिप क्याम्प २०८३ ककनीस्थित स्काउट तालिम केन्द्रमा सम्पन्न भएको छ ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्काउट तालिम अनुभवबाट प्राप्त हुने ज्ञान भएको बताउँदै यसबाट सिकेका ज्ञान, सीप र अनुभव जीवनभर उपयोगी हुने बताउनुभयो । स्काउटमा आबद्ध व्यक्तिहरूमा अनुशासन, आत्मनिर्भरता र सेवाभावको विकास हुने उल्लेख गर्दै उहाँले स्काउटले व्यक्तिलाई असल, जिम्मेवार र सहयोगी नागरिक बन्न प्रेरित गर्ने बताउनुभयो ।

स्काउट केवल तालिम र मनोरञ्जनमा सीमित नभई समाजसेवाको महत्त्वपूर्ण अङ्गसमेत भएको उहाँको भनाइ थियो । समाजमा देखिएका विभिन्न विकृति, विसङ्गति र समस्याहरूको समाधानमा स्काउटहरूले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने बताउँदै उहाँले समाजमा सकारात्मक परिवर्तन ल्याउन युवाहरू सक्रिय हुनुपर्नेमा जोड दिनुभयो ।

स्काउटले आफू मात्र सक्षम बन्ने नभई अरूलाई पनि सहयोग गर्ने, विपद् तथा कठिन परिस्थितिमा सेवा गर्ने र समाजप्रति आफ्नो जिम्मेवारी पूरा गर्ने भावना विकास गराउने उहाँले बताउनुभयो ।

समाजसेवामा लाग्न र नि:स्वार्थ भावले अरूको सहयोग गर्न स्काउटले उत्प्रेरित गर्ने उहाँको भनाइ थियो ।

भक्तपुर नगरपालिका आज विभिन्न क्षेत्रमा नमुना बन्न सफल हुनुमा यहाँका जनताको सहयोगी भावना, आपसी एकता र जनश्रमदानको ठुलो योगदान रहेको उहाँले बताउनुभयो । नगरपालिकाको विकास निर्माण तथा सामाजिक गतिविधिमा जनताको सक्रिय सहभागिता र सहयोगले नै भक्तपुरलाई उदाहरणीय बनाउन सम्भव भएको उहाँले उल्लेख गर्नुभयो ।

भक्तपुरमा अहिले शिक्षा, संस्कृति, सम्पदा संरक्षण तथा विकास निर्माणलगायतका क्षेत्रमा प्रतिस्पर्धा बढिरहेको बताउँदै उहाँले भक्तपुर नगरपालिकाले शिक्षालाई प्राथमिकतामा राखेर काम गर्दै आएको जानकारी दिनुभयो । शिक्षामा गरिएको लगानी, विद्यालयहरूको व्यवस्थापन र विद्यार्थीको शैक्षिक गुणस्तर सुधारका लागि गरिएको निरन्तर प्रयासकै कारण भक्तपुर शैक्षिक क्षेत्रमा अगाडि बढ्न सफल भएको उहाँले बताउनुभयो ।

विद्यार्थीहरूलाई किताबी ज्ञानसँगै व्यावहारिक ज्ञान, सीप, अनुशासन र सामाजिक जिम्मेवारीबारे पनि सिकाउन आवश्यक रहेको बताउँदै उहाँले स्काउट क्याम्पले विद्यार्थीहरूलाई आत्मनिर्भर, अनुशासित र समाजप्रति उत्तरदायी बन्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । यस्ता क्याम्पबाट प्राप्त अनुभवलाई आफ्नो दैनिक जीवनमा व्यवहारमा उतार्दै समाज र देशको सेवामा लाग्न उहाँले सहभागीहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका स्थानीय स्काउट आयुक्त बालकृष्ण बनमालाले दोस्रो स्काउट फ्रेन्डसिप क्याम्पमा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । स्काउटिङ आफ्नो लागि मात्र नभई अरूलाई समेत सहयोग पुग्ने काम भएको बताउँदै उहाँले सेवामुखी स्काउटिङमा जोड दिइरहेको बताउनुभयो ।

स्काउटर नर्स सुजाता कुतुवाले क्याम्पमा सहभागी हुन पाउँदा खुसी


*बाँकी पृष्ठ २ मा*


# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १७१

भदौ २३ र २४ गतेको जस्तो घटना दोहोरिन नदिन राज्यको अग्रीम स्थानमा खटिने प्रहरीको सुदृढीकरणको लागि देहायबमोजिमका थप कार्यहरू तत्तत् निकायले गर्नुपर्ने देखिन्छ ।

**नेपाल सरकारको भूमिका**

नेपाल सरकारले प्रहरीलाई न्यायिक अधिकारसहितको संस्था बनाउनुपर्छ । साधन-स्रोत र प्रविधि सम्पन्न नबनाई यसको सुधारको गुञ्जाइस छैन । सेवा, सर्त र सुविधामा सुनिश्चितता र थप नीतिगत स्पष्टता आवश्यक छ । असल नियतबाट गरिएका कार्यहरूको सन्दर्भमा मूल्याङ्कन र त्यही अनुपातमा उत्तरदायी बनाउनु जरुरी छ । यसका साथै प्रविधि, आवश्यक जनशक्ति, तालिम, हातहतियार र असबाबलगायतका साधन स्रोतको पर्याप्त उपलब्धता तथा Capacity Building का अवसरहरूको सुनिश्चितता गरिनुपर्दछ ।

नेपालजस्तो मुलुकमा सार्वभौमसत्ताको संरक्षण नागरिक प्रहरीको क्षमतामा अत्यधिक निर्भर हुने भएकोले प्रहरी व्यवस्था र क्षमतासम्बन्धी कानुन, नीति र साधन-स्रोत समेतको दृष्टिकोणबाट सक्षम र सुदृढ प्रहरी प्रणालीको सुनिश्चितता गर्न प्रहरी सञ्चालन र व्यवस्थापनको लागि विद्यमान कानुनी व्यवस्थाको सामयिक पुनरावलोकनलगायतका माध्यमबाट प्रहरी व्यवस्थामा आवश्यक सुधार गर्नुपर्दछ ।

प्रहरी महानिरीक्षकलाई प्रहरी सङ्गठनको सञ्चालन स्वायत्तता दिइने गरी कानुनी रूपमा नै हस्तक्षेपमुक्त, पारदर्शी, मेरिट प्रणालीमा आधारित बढुवा प्रणालीसहितको प्रहरी ऐन, २०१२ लाई विस्थापित गरी नयाँ प्रहरी ऐन ल्याउनुपर्दछ ।

देशको कुनै स्थान वा जेनजी प्रदर्शनको जस्तो हिंसात्मक अवस्थाहरूमा सामाजिक सञ्जाल प्रतिबन्ध गर्ने, निष्क्रिय गर्ने वा प्रतिबन्ध फुकुवा गर्नेजस्तो संवेदनशील राष्ट्रिय सुरक्षाको विषयमा कुनै व्यक्ति विशेषभन्दा पनि सुरक्षा निकाय प्रमुखहरूसँग अनिवार्य परामर्श र स्वीकृति लिने व्यवस्था हुनुपर्दछ ।

काठमाडौँ महानगरपालिका र १० लाखभन्दा बढी जनसङ्ख्या भएका सहरहरूमा अर्धन्यायिक अधिकारसहितको महानगरीय प्रहरी (Metropolitan Nepal Police) प्रणाली आरम्भ गरी नेपाल प्रहरीलाई विगतमा काठमाडौँ उपत्यकाभित्र लागू गर्न खोजिएको तर विभिन्न स्वार्थका कारण रोकिएको अर्धन्यायिक अधिकारसहितको महानगरीय


*बाँकी पृष्ठ ८ मा*


# देशको अवस्थाबारे उठेका प्रश्न

- एमालेका केपी ओलीले रास्वपा सरकारको उत्पति नै आगजनी र लुटपाटबाट भएको हुँदा सुशासनको अपेक्षा गर्न नसक्ने उल्लेख गर्दै प्रहरी सङ्गठनभित्रै कोही लाभको खोजमा लागेका र कोही त्यसलाई हेरेर बसिरहेको खुलासा गरे भने सरकारको गतिविधिले मुलुकलाई असंवैधानिक बाटोतर्फ लगेको टिप्पणी पनि गरे । उनले पछिल्लो निर्वाचनमा राज्य नियन्त्रणको दुरूपयोगसमेत गरिएको बताए । ओली नेतृत्वको एमाले पछिल्लो निर्वाचनमा निकै ढिलोमात्र सहभागी हुने निर्णयमा पुग्यो । ओली समयमै निर्वाचनमा भाग लिने वा बहिष्कार गर्ने निर्णयमा पुग्न सकेनन् । यतिखेर ओली 'एमालेमा बस्ने तर भोट बदल्ने बेइमान' भनी कराउनु पनि ढिलो हो । ओलीले प्रधानमन्त्री पदको राजीनामा देश जलाइरहेको बेला गत वर्ष भदौ २४ गते सेनालाई छोडेर १२ दिन बेखबर हुनु कसरी सुहाउँछ ? ओलीको राजीनामापछि राष्ट्रपति रामचन्द्र पौडेलले संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकार प्रमुख बनाई प्रतिनिधिसभा भङ्ग गर्ने बाटो खुलेको किन होइन ?
- नेकाका शेरबहादुर देउवाले भने, "नेकाले मलाई पाँच पटक प्रधानमन्त्री बनायो, यो पार्टीको लागि म ज्यान दिन तयार छु । सभापतिलाई थाहै छैन, कसरी विशेष अधिवेशन हुन्छ ? अदालतप्रति विश्वास छ, मलाई अदालतबाट न्याय हुन्छ, हुन्छ, हुन्छ ।" १८ करोडको कुरा आएको छ, गगनको । देउवा पाँच पटक प्रधानमन्त्री भए तर सुरक्षा निकाय सरकारको मातहत राख्न नसकेको गत वर्ष भदौ २३ र २४ गतेको तोडफोड र आगजनीबाट पुष्टि भयो । यसको जवाफ कसले दिने ?

**व्यङ्ग्यचित्र कुनो**





**पनौतीमा विदेशी पर्यटक**

काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-७ वलाछ्रँ टोलस्थित ऐतिहासिक बस्तीमा शनिबार पैदलयात्रा गर्दै विदेशी पर्यटकहरू । *तस्बिर : सनम सुवाल/रासस*

# गोपका पूर्वप्रधानसम्पादक रिजाललाई मदनदास श्रेष्ठ उत्कृष्ट पत्रकारिता सम्मान

काठमाडौँ, २९ कार्तिक । ठाकुरप्रसाद शर्मा प्रतिष्ठानले गोरखापत्र दैनिकका पूर्वप्रधानसम्पादक एवं वरिष्ठ पत्रकार कमलप्रसाद रिजाललाई रु. २५ हजार राशिको मदनदास श्रेष्ठ उत्कृष्ट पत्रकारिता सम्मान अर्पण गर्ने निर्णय गरेको छ ।

सो प्रतिष्ठान कार्य समितिका सदस्य इन्जिनियर अर्जुनकुमार श्रेष्ठले आफ्ना बुबाको स्मृतिमा प्रतिष्ठानमार्फत स्थापना गर्नुभएको मदनदास श्रेष्ठ उत्कृष्ट पत्रकारिता पुरस्कार वरिष्ठ पत्रकार एवं साहित्यकार रिजाललाई दिने निर्णय भएको हो ।

प्रतिष्ठानका अध्यक्ष डा. सदानन्द कँडेलका अनुसार राष्ट्रिय समाचार समिति (रासस) का प्रधानसम्पादक उत्तम सिल्वालको संयोजकत्वमा गठित तीन सदस्यीय सिफारिस समितिको निर्णयका आधारमा गोरखापत्रका पूर्वप्रधानसम्पादक रिजाललाई सो पुरस्कार दिने निर्णय भएको हो ।

पण्डित होमनाथ रिजाल र जीवमायाको सुपुत्रका रूपमा २०१५ सालमा धादिङको गङ्गाजमुना गाउँपालिका-४ गुम्दीमा जन्मनुभएका रिजालले मुलुकको पत्रकारिता र साहित्यिक क्षेत्रमा पुऱ्याउनुभएको योगदानलाई कदर गर्दै उहाँलाई पुरस्कृत गर्न लागेको प्रतिष्ठानले स्पष्ट गरेको छ । गोरखापत्र संस्थानमा ३० वर्षसहित ४० वर्ष पत्रकारिता क्षेत्रमा क्रियाशील हुनुभएका वरिष्ठ पत्रकार रिजालका हालसम्म २४ वटा कृति प्रकाशित भएका छन् ।

साहित्य र पत्रकारिता क्षेत्रमा विशेष रुचि राख्नुहुने वरिष्ठ पत्रकार रिजालले गोरखापत्रसहित कान्तिपुर, नागरिक र अन्नपूर्ण दैनिक तथा लोकान्तर डटकम, रातोपाटी डटकमलगायत विभिन्न छापा तथा विद्युतीय सञ्चारमाध्यममा दार्शनिक, आध्यात्मिक, सांस्कृतिक तथा सामाजिक विधामा कुरीति र कुसंस्कारविरुद्ध लेख, रचना प्रकाशित गर्दै आउनुभएको छ ।

धादिङ जिल्लाको पहिलो हाइस्कुल 'आदर्श मावि' गजुरीका संस्थापक प्रधानाध्यापक एवं पूर्वजलस्रोत राज्यमन्त्री ठाकुरप्रसाद शर्माले शिक्षा क्षेत्रमा पुऱ्याउनुभएको ऐतिहासिक एवं प्रेरणादायी कदमलाई सम्मानसहित जीवन्त बनाउने उद्देश्यले पूर्वविद्यार्थीहरूको सक्रियतामा प्रतिष्ठान स्थापना भएको हो । पूर्वविद्यार्थी डा. कँडेलको अध्यक्षतामा २०८१ सालमा स्थापना भएको सो प्रतिष्ठानले आफ्नो स्थापना दिवसका अवसरमा प्रतिभा सम्मानसहित शिक्षा र समाजसेवाका क्षेत्रमा उदाहरणीय एवं प्रेरणादायी भूमिका निर्वाह गर्नुहुने व्यक्तित्वलाई सम्मान गर्दै आएको छ ।

यसै सन्दर्भमा आगामी मङ्सिर ४ गते शुक्रबार गजुरीस्थित आदर्श माविमा विशेष कार्यक्रमबिच मदनदास श्रेष्ठ उत्कृष्ट पत्रकारिता पुरस्कार पत्रकार रिजाल, आदर्श शिक्षासेवी पुरस्कार माणिकलाल श्रेष्ठ, युवा प्रतिभा पुरस्कार गायक एवं भ्वाइस अफ नेपाल सिजन-६ का विजेता प्रोशेश पाण्डेसहित आदर्श शिक्षक तथा एसइईमा उत्कृष्ट हुन सफल छात्रछात्रालाई सम्मान तथा पुरस्कृत गर्ने कार्यक्रम रहेको प्रतिष्ठानले जनाएको छ ।

***रासस***

# समुदायमा आधारित सहकारी मात्र जनताको हुने




भक्तपुर, २९ कार्तिक । समाज सुधार बचत तथा ऋण सहकारी संस्थाको २० औँ स्थापना दिवस आइतबार सम्पन्न भयो ।

कार्यक्रममा वाग्मती प्रदेश बचत तथा ऋण सहकारी सङ्घका कार्यसमिति सदस्य एवं सहकारी समाज नेपालका उपाध्यक्ष कृष्णगोविन्द लाखाले २०१३ सालमा चितवनको बखानपुरमा सहकारी संस्था खोलेको उल्लेख गर्दै चीनमा माओत्सेतुङले कामदार जनताको बिचमा सहकारी खोलेर जनताको आर्थिक स्तर माथि उठाएको चर्चा गर्नुभयो ।

ठुला सहकारीहरू सत्तामा जानेहरूकै संरक्षणमा रहेको र उनीहरूले जनताको सहकारीको रकम लिई भागेको प्रसङ्ग उल्लेख गर्दै उहाँले समुदायमा आधारित सहकारी संस्था डुबाउने खेल खेलिरहेको बताउनुभयो ।

व्यक्तिगत स्वार्थको निम्ति काम गर्ने सहकारी र समुदायको लागि काम गर्ने सहकारीलाई एउटै दृष्टिले हेर्न नमिल्ने विचार व्यक्त गर्दै उहाँले बहुउद्देश्यीय सहकारी र समुदायमा आधारित सहकारीको भिन्नताबारे प्रस्ट्याउनुभयो ।

संस्थाका निवर्तमान अध्यक्ष महेन्द्र बखुन्छ्रैंले समुदायको आर्थिक, सामाजिक विकास तथा सांस्कृतिक स्तर उठाउन सहकारीको विकास भएको उल्लेख गर्दै उहाँले पुँजीवादी बन्दोबस्तले गर्दा सहकारी सङ्कटमा परेको बताउनुभयो ।

व्यक्तिगत स्वार्थ पूरा गर्ने उद्देश्यले खोलेको सहकारी संस्थाको कारण जनताको पैसा डुबेको प्रसङ्ग उल्लेख गर्दै उहाँले जनताको सेवा गर्दा सुशासन, पारदर्शिता र इमानदारिताको खाँचो छ भन्नुभयो ।

पुँजीवादी व्यवस्थामा जनता भड्काउने, लोभलालच देखाउने र अनेक षड्यन्त्र गर्ने हुँदा जनता जहिल्यै सचेत भएर अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

रामकृष्ण बखुन्छ्रैंको सभापतित्वमा भएको सो कार्यक्रममा सीताराम खिउँजु र राधेश्याम भुजुले सहकारीको उपादेयताबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा संस्थापक र पूर्वसञ्चालकहरूलाई सम्मान गरिएको थियो ।

# सामूहिक साकोसको प्रथम त्रैमासिक समीक्षा बैठक सम्पन्न



भक्तपुर, २९ कार्तिक । सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.को आर्थिक वर्ष २०८३/०८४ को प्रथम त्रैमासिक समीक्षा बैठक आइतबार संस्थाको सभाकक्षमा सम्पन्न भयो ।

संस्थाका अध्यक्ष राजाभाइ भेलेको अध्यक्षतामा सम्पन्न बैठकमा संस्थाको समग्र प्रगति, आर्थिक अवस्था, वित्तीय व्यवस्थापन तथा आगामी कार्ययोजनाबारे समीक्षा गरिएको थियो ।

बैठकमा ऋण, बचत, महिला, व्यवसाय प्रवर्द्धन तथा सदस्य सेवा सञ्चालन उपसमितिका संयोजकहरूले आ-आफ्ना उपसमितिका गतिविधि, उपलब्धि, चुनौती तथा भावी योजनाबारे विवरण प्रस्तुत गरेका थिए । त्यस्तै, आन्तरिक लेखा सुपरिवेक्षण समितिका तर्फबाट सुझाव तथा आवश्यक सुधारका विषयमा मन्तव्य राखिएको थियो ।

संस्थाका व्यवस्थापकले समग्र वित्तीय विवरण प्रस्तुत गर्दै संस्थाको आर्थिक अवस्था, वित्तीय व्यवस्थापन तथा संस्थागत गतिविधिबारे जानकारी गराएका थिए ।

प्रस्तुत विवरणमाथि छलफल तथा अन्तरक्रिया गर्दै सहभागीहरूले सेवा प्रवाहलाई प्रभावकारी बनाउने, वित्तीय अनुशासन कायम गर्ने, बचत तथा ऋण कारोबारलाई व्यवस्थित गर्ने र संस्थागत सुशासन सुदृढ बनाउने विषयमा जोड दिएका थिए ।

कार्यक्रममा संस्थाका पूर्वअध्यक्ष राजेशबहादुर श्रेष्ठ र निवर्तमान अध्यक्ष धनेशराज राजोपाध्यायले पनि आवश्यक सुझाव राख्नुभएको थियो ।

बैठकमा सचिव सञ्जय जोन्छे, संस्थाका ऋण अधिकृत विन्द्रा नायभालगायतले बोल्नुभएको थियो ।

# शरद सहकारीको १९ औँ वार्षिक साधारणसभा तथा सातौँ अधिवेशनको सिंहावलोकन

भक्तपुर, २९ कार्तिक । शरद बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १९ औँ वार्षिक साधारण सभा तथा सातौँ अधिवेशन सफलतापूर्वक सम्पन्न भएपछि संस्थाको सभा कक्षमा सिंहावलोकन तथा धन्यवाद कार्यक्रम आयोजना गरिएको छ ।

संस्थाका नवनिर्वाचित सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा कर्मचारीहरूको उपस्थितिमा आयोजित उक्त कार्यक्रममा साधारण सभा तथा अधिवेशनको समीक्षा गरिएको थियो ।

कार्यक्रममा सम्पन्न साधारण सभा तथा अधिवेशनका सबल पक्ष र आगामी दिनमा सुधार गर्नुपर्ने विषयहरूलाई बुँदागत रूपमा छलफल गरिएको थियो ।

संस्थाको सेवा प्रवाह, व्यवस्थापन, आर्थिक अनुशासन, पारदर्शिता, सदस्य सन्तुष्टि, संस्थागत सुशासन तथा कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने विषयमा सहभागीहरूले आ-आफ्ना धारणा, सुझाव तथा अनुभव प्रस्तुत गरेका थिए ।

छलफलको क्रममा पहिचान भएका सुधार गर्नुपर्ने विषयलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै संस्थालाई थप व्यवस्थित, पारदर्शी, सदस्यकेन्द्रित र प्रविधिमैत्री बनाउने विषयमा जोड दिइएको थियो ।

कार्यक्रममा नवनिर्वाचित अध्यक्षले छलफलबाट प्राप्त सुझाव तथा सुधारका विषयलाई सकारात्मक रूपमा लिँदै संस्थाको हित र प्रगतिका लागि सम्भव भएसम्म सबै सुधारका कार्यहरू क्रमशः कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र कर्मचारीहरूबिच आपसी समन्वय, सहकार्य र जिम्मेवारीबोधका साथ अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सामूहिक समीक्षा र सुधारमुखी छलफलले संस्थाको आगामी कार्यदिशा निर्धारण गर्न तथा संस्थागत सुशासन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको छ ।

***स्काउटले...***

लागेको बताउँदै यति ठुलो क्याम्पमा सेवा गर्ने अवसर प्राप्त भएकोमा सन्तुष्टि व्यक्त गर्नुभयो । स्काउटमा लाग्दा केही दुःख र चुनौती भए पनि यसबाट जीवनोपयोगी ज्ञान र सीप प्राप्त हुने उहाँले बताउनुभयो ।

रोभर रेन्जर राजीव गपीले क्याम्पमार्फत रोभर रेन्जरहरूलाई नयाँ नयाँ कुरा सिकाइएको बताउँदै पुस्तकमा मात्र सीमित नभएको व्यावहारिक ज्ञान र सीप प्रदान गर्नु क्याम्पको विशेषता भएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा गर्ल्स स्काउट प्रतिनिधि रिन्चेन लामा र ब्वाइज स्काउट प्रतिनिधि रचन कोजूले क्याम्पमा सहभागी भएर धेरै नयाँ कुरा सिक्ने अवसर प्राप्त भएको अनुभव सुनाउँदै अवसर प्रदान गर्ने आयोजकप्रति धन्यवाद व्यक्त गर्नुभयो ।

क्रयुका सदस्य न्हुज किजूले क्याम्प आयोजना गर्नुको उद्देश्यबारे प्रस्ट पार्दै दुई रात तीन दिनसम्म सञ्चालन भएको क्याम्पमा रोभर रेन्जर तथा विद्यालयका स्काउटरहरूले विभिन्न ज्ञान, सीप र अनुभव हासिल गरेको बताउनुभयो ।

क्याम्प चिफ सबिन लेबाले समापन कार्यक्रममा धन्यवाद ज्ञापन मन्तव्य राख्दै क्याम्प सफल बनाउन सहयोग गर्ने अतिथि, प्रशिक्षक, स्काउटर, स्वयम्सेवक, सहभागी विद्यार्थी तथा सहयोगी सबैप्रति आभार व्यक्त गर्नुभयो ।

क्याम्पमा भक्तपुरका ६ वटा विद्यालयका करिब २०० जना विद्यार्थी सहभागी भएका थिए । समापन कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले सहभागी विद्यार्थी तथा रोभर रेन्जरहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

## सङ्क्षिप्त समाचार

# खगोलविज्ञान ओलम्पियाडमा नेपाललाई पहिलो रजतसहित चार पदक

काठमाडौं, २९ कार्तिक । रुसमा सम्पन्न पाँचौं ओपन वर्ल्ड एस्ट्रोनोमी ओलम्पियाडमा नेपाली विद्यार्थीले पहिलो रजत पदकसहित चार पदक जितेका छन् ।

रुसको सिरियसमा शनिबार सम्पन्न प्रतियोगितामा रिवाश राईले रजत तथा ओमराज पुरी, स्नेहा कोइराला र सुयश कोइरालाले कांस्य पदक जितेका हुन् । रिवाशले 'डायमण्ड अफ द टिम' सम्मानसमेत प्राप्त गरेका नेपाल एस्ट्रोनोमिकल सोसाइटी (नासो) का अध्यक्ष सुरेश भट्टराईले राससलाई जानकारी दिनुभयो ।

अन्तर्राष्ट्रिय खगोलविज्ञान ओलम्पियाडमा नेपाली विद्यार्थीले रजत पदक जितेको यो पहिलो पटक हो ।

यसै महिना थाइल्यान्डमा सम्पन्न पाँचौं अन्तर्राष्ट्रिय खगोलविज्ञान तथा खगोलभौतिकी ओलम्पियाड-कनिष्ठमा नेपाली विद्यार्थी शाहवाज आलमले स्वर्ण र सहज केसीले कांस्य पदक जितेका थिए । आलमको स्वर्ण पदक अन्तर्राष्ट्रिय खगोलविज्ञान ओलम्पियाडमा नेपालको पहिलो स्वर्ण पदक हो । ***रासस***

# तमोर कोरिडोरले राँके बजारको व्यापार घटायो

पाँचथर, २९ कार्तिक । तमोर कोरिडोर सडकबाट ताप्लेजुङ जाने यात्रुको सङ्ख्या बढेपछि मेची राजमार्गस्थित पाँचथर-इलाम सीमावर्ती राँके बजारको व्यापार घटेको छ ।

मेची राजमार्गमा यात्रा गर्ने यात्रु तथा पाथीभरा दर्शनका लागि जाने तीर्थयात्री राँके बजारका मुख्य ग्राहक हुन् । तर धरानबाट धनकुटाको भेडेटार हुँदै तमोर कोरिडोरबाट ताप्लेजुङ पुग्ने यात्रुको सङ्ख्या बढेपछि बजारमा ग्राहक घटेका हुन् ।

स्थानीय व्यवसायी सुमन पौडेलका अनुसार पछिल्ला तीन वर्षदेखि राँके बजारमा ग्राहकको सङ्ख्या निरन्तर घटिरहेको छ । उहाँले विगतको तुलनामा व्यापार करिब ६० प्रतिशतले घटेको बताउनुभयो ।

अर्की व्यवसायी निशा श्रेष्ठले पनि कोरोना महामारीपछि व्यापारले पुरानै गति लिन नसकेको बताउनुभयो । राँके बजार व्यवस्थापन समितिका अध्यक्ष श्री विष्टले सडकको पहुँच विस्तारसँगै महँगी र यस वर्ष दसैँमा पाथीभरा दर्शनार्थीको सङ्ख्या घट्नुले पनि व्यापार प्रभावित भएको बताउनुभयो ।

पाँचथरको फाल्गुनन्द गाउँपालिका र फिदिम नगरपालिका तथा इलामका देउमाइ नगरपालिका र फाकफोकथुम गाउँपालिकाका किसानले उत्पादन गरेका कृषि तथा स्थानीय सामग्री राँके बजारमा बिक्रीका लागि ल्याउने गरेका छन् । अकबरे खुर्सानी र यसको अचार, तरकारी, आलु, फलफूल, छुर्पी, घिउ, चिया तथा जडीबुटी यहाँका प्रमुख स्थानीय उत्पादन हुन् ।

राजमार्गमा आधारित व्यापार घटे पनि यहाँका स्थानीय उत्पादन तराई, काठमाडौं र भारतका बजारसम्म पुग्ने गरेको बजार व्यवस्थापन समितिका अध्यक्ष विष्टले बताउनुभयो । ***रासस***



**बिक्रीका लागि राखिएका स्थानीय उत्पादन**

पाँचथरको फाल्गुनन्द गाउँपालिका-४ स्थित मेची राजमार्गमा रहेको राँके बजारमा बिक्रीका लागि राखिएका स्थानीय उत्पादनका विभिन्न सामग्रीलगायत । यहाँ अकबरे खुर्सानी तथा यसको अचार, दुग्धजन्य सामग्रीलगायत स्थानीय उत्पादन राजमार्गका यात्रुका लागि आकर्षण बन्ने गरेका छन् । तस्बिर : रवीन्द्र काफ्ले/ रासस

# बाँदरको हैरानीले किसान अदुवाखेतीतर्फ आकर्षित

भोजपुर, २९ कार्तिक । भोजपुरमा बाँदरको समस्याका कारण परम्परागत खाद्यबाली खेती गर्न कठिन भएपछि किसान अदुवाखेतीतर्फ आकर्षित हुन थालेका छन् । बाँदरले मकै, कोदोलगायतका बालीमा क्षति पुर्याउने समस्या बढ्दै गएपछि किसानले अदुवाखेतीलाई वैकल्पिक आयआर्जनको माध्यम बनाउन थालेका हुन् ।

भोजपुर नगरपालिका-६ की किसान गीता खड्काले बाँदरको समस्या बढ्दै गएपछि अदुवाखेती गर्न थालेको बताउनुभयो । जमिनमुनि गाँना हुने भएकाले अदुवा बाँदरबाट सुरक्षित बाली रहेको उहाँको भनाइ छ । व्यावसायिक रूपमा खेती गर्नसके अदुवाबाट परम्परागत खाद्यबालीभन्दा राम्रो आम्दानी लिन सकिने उहाँले बताउनुभयो ।

बाँदरबाट खाद्यबाली जोगाउन कठिन हुने अवस्थामा अदुवाखेती तुलनात्मक रूपमा सहज हुने भएकाले आफू यसतर्फ आकर्षित भएको खड्काको भनाइ छ । बाँदरको हैरानीका कारण खेतीपातीमा समस्या भोगिरहेका किसानका लागि अदुवाखेती विकल्प बनेको उहाँले बताउनुभयो ।

अर्की किसान सावित्रा पोखरेलले करिब डेढ रोपनी क्षेत्रफलमा अदुवाखेती गरिरहनुभएको छ । अदुवाखेतीको क्षेत्र अझ विस्तार गर्ने लक्ष्य रहेको उहाँको भनाइ छ । बाँदरको समस्याका कारण अन्य खाद्यबाली लगाउन कठिन भएपछि अदुवाखेतीलाई प्राथमिकता दिएको पोखरेल बताउनुहुन्छ । अदुवाखेतीबाट राम्रो आम्दानी लिन सकिने सम्भावना देखेपछि यसको उत्पादनमा लागेको उहाँको भनाइ छ ।

अदुवा स्थानीय बजारमा प्रतिकिलो रु. १०० देखि रु. १२० सम्ममा बिक्री हुने गरेको पोखरेलले बताउनुभयो । अदुवालाई सुकाएर धुलो बनाई बिक्री गर्न सकिने भएकाले बजार व्यवस्थापनमा पनि खासै समस्या नरहेको उहाँको भनाइ छ । स्थानीय बजारमा राम्रो मूल्य पाउने र तथा धुलो बनाएर पनि बिक्री गर्न सकिने भएकाले नष्ट हुने सम्भावना कम रहेको पोखरेलले बताउनुभयो ।

ग्रामीण क्षेत्रमा बाँदरको बढ्दो समस्या कृषि उत्पादनका लागि चुनौती बन्दै गएको छ । खेतबारीमा लगाएको धान, मकै, कोदोलगायतका बाली नष्ट गर्ने भएकाले बाँदर किसानको मुख्य समस्याका रूपमा देखिएको छ । स्थानीयस्तरमा अदुवाको बजार मूल्य राम्रो रहेकाले यसको व्यावसायिक खेती विस्तार गर्न सके किसानको आयआर्जन बढाउन सकिने कृषि क्षेत्रका जानकारहरूको भनाइ छ । ***रासस***

# हलेसी तुवाचुङमा तुवाचुङ कप फूटबल प्रतियोगिता हुने

खोटाङ, २९ कार्तिक । हलेसी तुवाचुङ नगरपालिकाले आगामी मङ्सिर १४ गतेदेखि 'प्रथम तुवाचुङ कप-२०८३' अन्तरपालिकास्तरीय पुरुष फुटबल प्रतियोगिता सञ्चालन गर्ने भएको छ । जिल्लाको दोस्रो ठुलो (एघार वडा रहेको) यो नगरपालिकाले जिल्लाका स्थानीय तहले सञ्चालन गर्दै आएको फुटबल प्रतियोगितामध्ये सर्वाधिक राशिको अन्तरपालिकास्तरीय पुरुष फुटबल प्रतियोगिता गर्ने भएको हो ।

देशभरका जुनसुकै स्थानीय तहले सहभागिता जनाउन पाउनेगरी अन्तरपालिकास्तरीय पुरुष फुटबल प्रतियोगिता आयोजना गर्न लागिएको नगरप्रमुख विमला राईले जानकारी दिनुभएको छ ।

"अन्तरपालिकास्तरीय पुरुष फुटबल प्रतियोगिताले स्थानीय तथा ग्रामीणस्तरमा रहेका प्रतिभावान् फुटबल खेलाडीको पहिचान गरी उनीहरूलाई व्यावसायिक रूपमा अगाडि बढ्ने हौसला मिल्ने विश्वास लिएका छौं । यसले पालिकाहरूबिच समन्वय र भाइचारा कायम गर्दै खेलकुदको माध्यमबाट मित्रता, सद्भाव र आपसी सहयोगको भावनासमेत अभिवृद्धि गर्छ", उहाँले भन्नुभयो, "प्रतियोगितामा देशभरका जुनसुकै स्थानीय तहले सहभागिता जनाउन पाउनेछन् । नगरपालिकाको आफ्नै खेलमैदानमा आयोजना गर्न लागिएको फुटबल प्रतियोगिताले जिल्ला, प्रदेश र राष्ट्रियस्तरका खेलहरूमा प्रतिनिधित्व गर्न सक्ने दक्ष खेलाडी तयार पार्ने अपेक्षा गरेका छौं ।"

पाँच दिनसम्म सञ्चालन हुने प्रतियोगिताका विजेता टोलीलाई रु. दुई लाख २२ हजार २२२ नगदको साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने नगरपालिकाले जारी गरेको सूचनामा उल्लेख छ । उपविजेता टोलीले रु. एक लाख ११ हजार १११ नगदको साथमा ट्रफी, मेडल र प्रमाणपत्र तथा सेमिफाइनलिष्ट दुई टोलीले जनही रु. ५५ हजार ५५५ नगदको साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने बताइएको छ ।

प्रतियोगिता अवधिभरका उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्तालाई जनही रु. १०-१० हजार नगदको साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने नगरपालिकाले जनाएको छ । आगामी मङ्सिर १४ देखि १९ गतेसम्म आयोजना गर्न लागिएको अन्तरपालिकास्तरीय पुरुष फुटबल प्रतियोगिताका सबै खेल वडा नं ७ महादेवस्थानस्थित फुटबल खेलमैदान सञ्चालन हुने छ ।

त्रिधार्मिकस्थल हलेसीस्थित महादेवस्थानमा सञ्चालन हुने 'प्रथम पालिका कप-२०८३' अन्तरपालिकास्तरीय पुरुष फुटबल प्रतियोगिताका लागि यही कातिक १७ गते बसेको १५० औं नगर कार्यपालिकाको बैठकले औपचारिक निर्णय गरेको थियो । नगर कार्यपालिकाले गरेको निर्णयको आधारमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पवनकुमार प्याकुरेलले सूचना जारी गरेर अन्तरपालिकास्तरीय पुरुष फुटबल प्रतियोगिता सञ्चालन गर्न लागिएको बारेमा जानकारी दिनुभएको हो ।

अन्तरपालिकास्तरीय पुरुष फुटबल प्रतियोगिताका खेलहरू अन्तर्राष्ट्रिय नियम (फिफाले निर्धारण गरेको नियम)अनुसार खेलाइने नगरपालिकाले जारी गरेको सूचनामा उल्लेख छ । प्रत्येक नगर/गाउँपालिकाबाट एक टोलीमात्र सहभागी हुन पाउने, सहभागिताका लागि नगर/गाउँपालिकाको पत्र र खेलाडीको परिचय खुल्ने नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य बुझाउनुपर्ने, तीन जना खेलाडी अन्तर नगर/गाउँपालिकाको राख्न पाइने र खेल नकआउट प्रणालीमा खेलाइने बताइएको छ । ***रासस***


## समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.

महेश्वरीस्थान, भ.न.पा.-८, भक्तपुर, फोन नं.: ०१-६६१९३३२, ६६१९८४०

### धितो लिलाम बिक्रीसम्बन्धी ३५ दिने सूचना

प्रकाशित मितिः २०८३/०७/३० गते

यस सहकारी संस्थाबाट तपसिलमा लेखिएका तपाईं ऋणी सदस्यहरूले तपसिलमा लेखिएको दर्तावाला व्यक्तिको घरजग्गा धितो सुरक्षण राखी व्यवसायिक कर्जाको सावाँ ब्याज तिर्ने बुझाउने संस्थासँग गरिएको सर्तबमोजिम लिएको कर्जाको सावाँ ब्याज हर्जानालगायतका रकम नतिरी नबुझाई ऋण कर्जासम्बन्धी सर्त बन्देजहरू उल्लङ्घन गरी भाका नघाई बस्नुभएकोले पटकपटक मौखिक, टेलिफोन, मेसेज, पत्राचार र सूचनामार्फत कर्जा चुक्ता गर्न आउन ताकेता तथा सूचना गर्दा पनि तिर्न बुझाउन नआई कुनै चासोसमेत नदेखाई अटेर गरी बसी आएकोले मिति २०८३/०४/२८ गते 'मजदुर' दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउनेबारेको सार्वजनिक सूचना प्रकाशित गर्दासमेत कर्जा चुक्ता गर्न नआएको र कर्जा चुक्ता गर्न कुनै चासोसमेत नदिनुभएकोले यस संस्थाको लेना रकम (सावाँ ब्याज र हर्जानासमेत सम्पूर्ण) असुलउपर गर्नका लागि धितो रहेको तपसिलमा उल्लेखित अचल सम्पत्ति लिन इच्छुक व्यक्तिहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र धितो लिलामसम्बन्धी शिलबन्दी बोलपत्र यस संस्थाको कार्यालय समयभित्र पेस गर्नुहुन सूचित गरिन्छ । सो सूचना प्रकाशित भएको मितिले ३६ (छतीस) औँ दिनमा वा सो दिन बिदा परेमा लगत्तै कार्यालय खुल्ने दिनमा यस संस्थाको मुख्य कार्यालय महेश्वरीस्थानमा दिनको ठीक १:०० बजे लिलाम डाँक बढाबढ गरी बिक्री गर्ने जानकारी सूचित गरिन्छ । लिलामसम्बन्धी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहने व्यहोरासमेत सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं | ऋणीको विवरण | ऋणीको फोटो | धितो दिनेको नाम थर र धितो सुरक्षणको घरजग्गा विवरण |
|---|---|---|---|
| १. | ऋणीको नाम : कमला सैंजु<br>पिताको नाम : कान्छा तुईतुई<br>पतिको नाम : रामेश्वर सैंजु<br>ससुराको नाम : गोपीलाल सैंजु<br>ठेगाना : साबिक भ.न.पा. वडा नं. २<br>हालको परिवर्तित वडा नं. ८<br>ना.प्र.नं. : १६६९५ |  | जग्गाधनीको नाम : शंखमुल जगतनारायण गुठी<br>मोहीको नाम : कमला सैंजु<br>पतिको नाम : रामेश्वर सैंजु<br>ससुराको नाम : गोपीलाल सैंजु<br>जग्गाको विवरण : भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका<br>साबिक वडा नं. २ 'ङ' ७ हालको परिवर्तित वडा नं. ८<br>कि.नं १३६, क्षे.फ. ०-३-१-० लिगापातसमेत पूरै । |
| २. | ऋणीको नाम : मनिस गाइजु<br>बुबाको नाम : छत्रबहादुर गाइजु<br>बाजेको नाम : कुलबहादुर गाइजु<br>ठेगाना : साबिक भ.न.पा. वडा नं. २<br>घर भई हाल वडा नं. ४ बस्ने<br>ना.प्र.नं. : ००९७६ |  | जग्गाधनीको नाम: मनिस गाइजु<br>बुबाको नाम : छत्रबहादुर गाइजु<br>बाजेको नाम : कुलबहादुर गाइजु<br>जग्गाको विवरण : भक्तपुर जिल्ला, ताथली वडा नं. ९ 'ट'<br>हाल चा.न.पा. वडा नं.९, कि.नं. १४२३,<br>क्षे.फ. ०-९-१-२ लिगापातसमेत पूरै । |
| ३. | ऋणीको नाम : सुभद्रा गाइजु<br>पिताको नाम : गणेशभक्त बाटी<br>पतिको नाम : मनिस गाइजु<br>ससुराको नाम : छत्रबहादुर गाइजु<br>ठेगाना : साबिक भ.न.पा. वडा नं. २<br>घर भई हाल वडा नं. ४ बस्ने<br>ना.प्र.नं. : २११२२ |  | जग्गाधनीको नाम : मनिस गाइजु<br>बुबाको नाम : छत्रबहादुर गाइजु<br>बाजेको नाम : कुलबहादुर गाइजु<br>सम्बन्ध : श्रीमान<br>जग्गाको विवरण : भक्तपुर जिल्ला, ताथली वडा नं. ९ 'ट'<br>हाल चा.न.पा. वडा नं.९, कि.नं. १४२३,<br>क्षे.फ. ०-९-१-२ लिगापातसमेत पूरै । |

**पुनश्चः** लिलाम बढाबढ गर्ने दिन बोलपत्र दाताहरू, ऋणी वा ऋणीका प्रतिनिधिलाई उपस्थित हुन यसै सूचनाबाट जानकारी गराइन्छ । यसै सूचनाबाट बोलपत्र दाताहरू, ऋणी र धितो मञ्जुरी दिने व्यक्तिलाई सूचना प्राप्त भएको मानिनेछ । धितो लिलामसम्बन्धी सर्त बन्देजहरूलगायतका विस्तृत विवरण संस्थाको सूचना पाटीमा टाँस गरिएको सूचित गरिन्छ । लिलाम बिक्रीसम्बन्धी बोलपत्र फाराम रु. १०००।- अक्षरेपी एक हजार रुपैयाँ तिरी संस्थाको कार्यालयबाट खरिद गर्न सकिनेछ ।

**। सम्पादकीय ।**

# रास्वपा सांसद टोलीको चीन भ्रमणमा के दलाई लामा गुटको नेपालमा गतिविधि रोक्ने प्रतिबद्धता होला ?

रास्वपाका २० जना सांसद उत्तरको छिमेक देश चीन भ्रमणको १२ दिनको निम्ति कार्तिक २९ गते सिचुआन प्रान्तमा पुगे । यो भ्रमण टोली सिचुआनमा पाँच दिन, चेच्याङमा तीन दिन, पेचिङमा तीन दिन अध्ययन गरी मङ्सिर १० गते नेपाल फिर्ता हुने सार्वजनिक भयो । सञ्चारमाध्यमअनुसार भ्रमण टोलीले एक चीन नीतिप्रति रास्वपा र यसको सरकारको प्रतिबद्धता दोहोऱ्याउनेछ । रास्वपाकै नेताहरूको संलग्नतामा भएको गत वर्षको भदौ २३ र २४ गतेको तोडफोड र आगजनीमा ७६ जना निहत्था मानिसको मृत्यु र देशभरिझैं आगजनी पनि भएको थियो । यो उपद्रवपछि एमालेका तत्कालीन प्रधानमन्त्री केपी ओली सेनालाई राजीनामा बुझाएर १२ दिन बेखबर भए भने राष्ट्रपति पौडेलले संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गरी प्रतिनिधिसभासमेत विघटन गरे ।

संरा अमेरिकी साम्राज्यवादको सहयोगमा भारतीय विस्तारवादको भूमिमा आश्रय बसेका चीनको अभिन्न अङ्ग तिब्बत विखण्डनमा लागिरहेको भूदास मालिक दलाई लामाले अन्तरिम सरकार प्रमुख सुशीला कार्कीलाई बधाई पठाए । यो बधाई एक चीन नीतिविपरीत हो । सुशीला नेतृत्वको अन्तरिम सरकारले सुरक्षाकर्मीको घेरामा आतङ्कको वातावरण खडा गरी गत फागुन २१ गते प्रतिनिधिसभाको चुनाव गरायो । देश आगजनीमा प्रत्यक्ष लागेकाहरूसमेत दुईतिहाइको स्थान रास्वपालाई दिलाइयो । रास्वपा सरकारले काठमाडौँमा विदेशी राजदूतसमेतलाई निम्ता गराई दलाई लामाको ९१ औँ जन्म दिन मनाउन लगायो । यो घटना पनि एक चीन नीतिविपरीत हो ।

रास्वपा सरकारले ३९ देशका तिब्बत विखण्डनकारीहरूलाई काठमाडौँ बोलाई अन्तर्राष्ट्रिय सम्मेलन गराउने तयारी गऱ्यो । यो तयारी पनि रास्वपा सरकारको एक चीन नीतिविपरीत हो । नेपाली जनताले यो तयारीको विरोध गरेपछि तत्काललाई चीनविरोधी अन्तर्राष्ट्रिय सम्मेलन स्थगन गरिएको छ । रास्वपाका दुवै सरकार एक चीनविपरीतका गतिविधिमा संलग्न भएकै उदाहरणहरू खुल्दै आउनेछ तर रास्वपाले आफ्ना सांसदहरूको टोली चीन अध्ययन भ्रमणमा पठाउँदै एक चीन नीतिमा अडान रहेको बतायो । रास्वपाको यस्ता दोहोरो विषय थाहा पाएका विश्लेषक एवम् पत्रकार युवराज घिमिरेले 'के छ नेपाल टीभी'मा यसको चरित्र पुरानै भएको र रास्वपा पार्टी बन्न नसकेको उजागर गरे । यसअघि नेका, एमाले, माओवादी दिल्लीमा बसेर तयार गरेको १२ बुँदाको समझदारीलाई रास्वपाले अस्वीकार नगरेको हुँदा रास्वपाको वर्तमान सरकारको जग १२ बुँदाकै निरन्तरता भएको पत्रकार घिमिरेको जोड थियो । १२ बुँदाको यो समझदारीमा त्यसबेला प्रतिगमनविरोधी आन्दोलनमा लागेको नेमकिपाले मात्र नेपाली सेनालाई भरपर्दो अन्तर्राष्ट्रिय शक्ति मातहत राख्ने विषयलगायतमा फरक मत राखेको थियो ।

सोही सञ्चारमाध्यममा त्रिमूल नेपालका अध्यक्ष भरत दाहालले संरा अमेरिकी नागरिकता भएका गैरनेपाली नागरिक रविलाई संरा अमेरिकी साम्राज्यवादले निर्वाचन आयोगमा रास्वपा दर्ता गराई चितवन - ३ बाट निर्वाचन जिताई उपप्रधानमन्त्रीसम्म पुऱ्याएर सभापति र सांसद दुवै पदबाट खुस्काएको बताए । दाहालको थप भनाइ थियो - "रास्वपाका अर्थमन्त्री स्वर्णिम वाग्लेले भारतविरोधी राष्ट्रवाद सकियो भन्नु रास्वपा सरकारले नेपालको भूमि लिम्पियाधुरा, कालापानी, लिपुलेक, सुस्तामा दाबी छोड्नु हो । साम्राज्यवाद र विस्तारवादले नेपालमा भनेअनुसार काम गर्ने रास्वपाका नेताहरूलाई छानेका हुन् ।"

रास्वपाका नेताहरूले अघिल्लो संसद्मा दक्षिण एसियामा भारतको निर्देशन स्वाभाविक हुने मोदी डक्ट्रिनको समर्थन र प्रधानमन्त्री हुन नेपाललाई भुटानजस्तै भारतको सुरक्षा छातामा राख्ने बताएको नेपाली युवालाई भाडाको सिपाही बनाउने सन् १९४७ को गोर्खा भर्ती र नेपाललाई भारतको कब्जामा राख्ने सन् १९५० को सन्धिको विरोध नगर्ने हो । रास्वपा सांसद टोलीले चीनमा बीआरआईको ऋणलाई अनुदानमा परिणत गर्ने विषय उठाउने पनि संरा अमेरिकी साम्राज्यवादको नङ्ग्रा विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैङ्कसँग लिएको खर्बौं ऋण तिर्ने बाटो हो । चिनियाँ जनताको पसिना साम्राज्यवादले पोस्ने रास्वपाको नीति एमसीसी सम्झौता समर्थनदेखि नै पुष्टि हुँदै आएको हो ।

# केही राजनैतिक शब्दहरूबारे स्पष्ट दृष्टिकोण आवश्यक

✍ प्रधान

फ्रान्सेली क्रान्तिमा एउटा नारा साऱ्है लोकप्रिय थियो, स्वतन्त्रता, समानता र भ्रातृत्व ।

यस्ता अनेक नारा र राजनैतिक शब्दावलीबारे युग र परिस्थितिअनुसार व्याख्या गरिएन भने शासक दलहरूले व्यापक जनतालाई विश्वासघात गरेको जनताले अनुभव गर्नु स्वाभाविक हो ।

फ्रान्सेली क्रान्ति पुँजीपतिवर्गले सामन्तवर्ग ( राजा-महाराजा, गुरु-पुरोहित र ठुल-ठुला जग्गाधनी र क्षेत्रीय शासकहरू) को विरोधमा भएको सङ्घर्ष थियो । तत्काल स्वतन्त्र भन्नुको अर्थ सामन्तवर्गको थिचोमिचो, शोषण र हैकमबाट मुक्ति पाउनु थियो । दक्षिण फ्रान्सबाट कुनै सामान वा अन्य वस्तु उत्तर फ्रान्ससम्म पुग्दा क्षेत्रीय शासकहरूले त्यस सामानमा कर लगाउँदा लगाउँदै चीनबाट आएको सामानभन्दा बढी महँगो हुन्थ्यो । यसकारण, सामन्ती शोषण र हैकमको विरोधमा पुँजीपतिवर्ग (व्यापारी, उद्योगपति, सहरी निम्न मध्यम वर्गका जनता), कालीगढ, काम गरी खाने ज्यामी र मजदुरहरू सामन्तवर्गको विरोधमा थिए ।

त्यसबेला 'समानता' को अर्थ थियो, पुँजीपतिवर्ग सबै मामिलामा सामन्तवर्गबाट तल होइन र कम जानकार होइनन् । यसकारण, सामन्तवर्ग कुनै पनि क्षेत्रमा पुँजीपतिवर्ग तल होइन, समान हुन् । यस अर्थमा पुँजीपतिवर्ग त्यस क्रान्तिमा 'समानता' को निम्ति सङ्घर्षरत थियो । व्यापार, उद्योग र अन्य आर्थिक क्षेत्रमा र सामाजिक जीवनमा पनि पुँजीपतिवर्ग सामन्तवर्गसँग समान देखाउन चाहन्थ्यो । साथै उनीहरूले सामन्तवर्गको विरोधमा सङ्घर्ष गर्न काम गरी खाने सबै वर्ग समान हुन् भन्ने प्रचार गरे ।

'भ्रातृत्व' को तत्कालीन अर्थ थियो, समाजका सबै जनता दाजुभाइजस्तै समान हुन् । तर, विचार र बुद्धिमा पुँजीपतिवर्ग तत्कालीन अवस्थामा पुँजीवादी विचारकहरू, दार्शनिक, बुद्धिजीवी र क्रान्तिकारी नेताहरू व्यापक दृष्टिकोणको रूपमा हेर्थे । यसकारण, सबै सामन्तविरोधी भावना राख्नेहरू दाजुभाइ हुने प्रचार गरे ।

तत्कालीन फ्रान्सेली बुद्धिजीवीहरू समाजवादी दृष्टिकोणबाट प्रभावित थिए । जाकोविनहरू फ्रान्सका प्रखर क्रान्तिकारीहरू थिए भने गिरोन्दीसहरू फ्रान्सेली समाजलाई मौलिक परिवर्तन चाहँदैनथे बरू, साधारण परिवर्तन चाहन्थे ।

फ्रान्सेली क्रान्तिका मुख्य केन्द्र पेरिसका बुद्धिजीवी र मजदुरहरू थिए । मारात, रोवेस्थियर, दाँते .... आदि नेता र बुद्धिजीवीहरू अगाडि थिए । तर, जिरोन्डिसहरू गाउँका क्षेत्रहरूको नेतृत्व वर्ग हुँदा तिनीहरू बेलायतको क्रामवेलको क्रान्तिको जस्तो सामन्त वर्गसँग सम्झौता गर्ने पक्षमा थिएनन् र बरु ज्याकोविनहरूका विभिन्न गुटमा घुसेर एक आपसमा मारकाट गर्न लगाएका थिए । त्यसकारण, फ्रान्सेली पुँजीवादी क्रान्तिलाई असफल पार्न फ्रान्सेली क्रान्तिकारी दलहरूलाई नै रगतमा डुबाइदिएका थिए ।

फ्रान्सेली पुँजीवादी क्रान्तिपछि हरेक राजनैतिक दलहरूको राजनैतिक शब्दावलीका फरक फरक अर्थ लाग्ने देखियो । रुसी क्रान्तिमा जनताको मुख्य दुश्मन जारलाई सन् १९१७ को फेब्रुअरी क्रान्तिमै समाप्त पारिसकेको हुनाले अक्टोबर समाजवादी क्रान्तिमा देशी र विदेशी पुँजीपतिवर्गको उद्योगधन्दा र व्यापारलाई समाजवादी सरकारले सामाजिकीकरण वा राष्ट्रियकरण गरेका थिए ।

फरक फरक देशको स्वतन्त्रता आन्दोलन र समाजवादी आन्दोलनको सिलसिलामा भिन्न भिन्न बाटो अपनाएको देखिन्छ । चीनको साम्राज्यवादी मुक्ति आन्दोलनमा चीनले मजदुर, किसान र राष्ट्रिय पुँजीपतिवर्गलाई आफ्नो सहयोगी बनायो भने केही देशमा पुँजीपतिवर्गलाई शत्रुको व्यवहार गरिएको थियो ।

भियतनामी मुक्ति आन्दोलनमा फ्रान्सेली र पछि अमेरिकी साम्राज्यवादी सङ्घर्षमा राष्ट्रिय पुँजीपतिवर्गलाई शत्रु नसम्झी मित्र मानेको देखियो ।

अन्य औपनिवेशिक देशहरूमा मजदुर, किसान, बुद्धिजीवीहरू तथा राष्ट्रिय पुँजीपतिवर्गसँग जनताको एकताको रूपमा मिलाएको देखिन्थो । चीनमा अहिलेसम्म जापानविरोधी सङ्घर्षमा चीनको कम्युनिस्ट पार्टीसँग मिलेर देश जोगाउने पुँजीवादी राजनैतिक दलहरूसँग मेलमिलाप गर्दै आजसम्म जनताकै स्तरमा मान्यता प्राप्त छ । भारतको केही कम्युनिस्ट पार्टीले भारतका सबै पुँजीपतिवर्गलाई विदेशी पुँजीपतिजस्तै मुख्य शत्रु मानेको हुँदा अन्य मित्र दलहरूले आलोचना गरेका थिए र सबै पुँजीपतिवर्ग विदेशी पुँजीपतिवर्गजस्तै शत्रु हुँदैनन् भन्ने भाष्य तयार भयो । विदेशी पुँजीपतिवर्गसँगको सङ्घर्षमा राष्ट्रिय पुँजीपतिवर्ग मित्रको रूपमा विदेशी पुँजीको विरोधमा संयुक्त सङ्घर्ष गर्नु आवश्यक भएको अनुभव गरियो ।

विदेशी पुँजीविरोधी सङ्घर्षमा विदेशी पुँजीको नाफाका स-साना टुक्राहरू खाएर सेवा गर्ने पुँजीपतिवर्गलाई दलाल पुँजीपतिवर्ग भनिन्छ । तिनीहरू नेपाली पुँजीपतिवर्ग र देशको अहितमा काम गर्नेहरू दूरगामी दृष्टिले नेपाल र नेपाली जनताका शत्रु भएको प्रस्ट हुनेछ । देशको पुँजी र ज्यामीहरू विदेशमा लगेर देशको अर्थतन्त्रलाई विदेशको पोल्टामा पार्ने सबै दलाल पुँजीपतिवर्ग हुन् । तिनीहरूसँग नेपालका राष्ट्रिय पुँजीपतिवर्ग र देशभक्त नेपाली जनता दाजुभाइ हुने छैनन् । यसमा गम्भीरतापूर्वक ध्यान दिनु आवश्यक छ ।

# इजरायललाई विश्वको सबैभन्दा शक्तिशाली एआई कम्पनी सुम्पियो !

✍ ब्याक्स्टर दिमित्री

***(जेन्सन हुआङको राजीनामा कुनै काण्ड थिएन । यो एक शत्रुतापूर्ण यहुदीवादी (Zionist) कब्जा थियो, जसलाई कर्पोरेट शैलीको सटीकपन र सञ्चारमाध्यमको मिलेमतोमा कार्यान्वयन गरिएको थियो ।)***

बहत्तर घण्टाको अन्तरालमा, विश्वव्यापी प्राविधिक शक्तिको संरचनामा अपरिवर्तनीय परिवर्तन भयो । जेन्सन हुआङ - जसले एनभिडियालाई ग्राफिक्स कार्ड कम्पनीबाट अघि बढाएर कृत्रिम बुद्धिमत्ता लहरको निर्विवाद चालक शक्तिका रूपमा स्थापित गरे; उनी अब एनभिडियामा रहेनन् । कर्पोरेट प्रेसद्वारा निष्ठापूर्वक सुगा-रतान गरिएको आधिकारिक भाष्यमा 'व्यक्तिगत दुराचार' र विवाहेत्तर सम्बन्धहरूको उल्लेख गरिएको छ । संलग्न महिलाहरूमध्ये एकलाई अस्पष्ट रूपमा 'चिनियाँ जासुस' भनेर वर्णन गरिएको छ, यो दाबी अज्ञात सीआईए अधिकारीहरूलाई दिइएको थियो र लामो समयदेखि शङ्काको कुनै पनि बहाना त्यागेको अमेरिकी मूलधारे मिडियाले तुरुन्तै अनुमोदन गरेको छ ।

त्यसको बारेमा हामी स्पष्ट हुनुपर्छ । विश्वकै सबैभन्दा रणनीतिक रूपमा महत्त्वपूर्ण कम्पनी, जुन हरेक प्रमुख एआई (AI) मोडेललाई तालिम दिन आवश्यक पर्ने चिपहरूको एकमात्र मुख्य स्रोत हो, त्यसको नेतृत्वलाई नै हटाइएको छ । अनि अहिले सीईओको कुर्सीमा बसेका व्यक्ति यस्ता कार्यकारी हुन्, जसको व्यावसायिक पहिचान इजरायली प्राविधिक-सुरक्षा संयन्त्रबाट अलग गर्न सकिँदैन ।



**कोलेट क्रेसलाई चिन्नुहोस् : नजिकको बहुमूल्य सम्पत्ति**

कोलेट क्रेस केवल एक तटस्थ हेरचाहकर्ता होइनन् । उनी कम्पनीकी लामो समयदेखि कार्यरत प्रमुख वित्तीय अधिकृत (CFO) हुन्; एक यस्ती महिला हुन् जसले एनभिडियाको वित्तीय संरचनाभित्र रहेर एक दशकभन्दा बढी समय बिताएकी छिन् । तर, उनका आफ्नै शब्दहरूले नै मुख्य केन्द्रबिन्दुलाई उजागर गर्छन् ।

इजरायली व्यापार प्रकाशन 'ग्लोब्स' (Globes) सँगको सन् २०२३ मा गरिएको एक अन्तर्वार्तामा, क्रेसले स्पष्ट रूपमा भनिन् - "मेरो दिन इजरायलसम्बन्धी बैठकहरूबाट सुरु हुन्छ, र त्यसपछि मात्र क्यालिफोर्नियाका कामहरू अघि बढ्छन् ।"

यो कुनै सामान्य टिप्पणी होइन । यो सञ्चालनगत प्राथमिकताको घोषणा हो । एनभिडियाको इजरायली सञ्चालनहरू कुनै सहायक कार्यालय ( Satellite Office) होइन । सन् २०१९ मा मेलानोक्स (Mellanox) - एनभिडियाका एआई डाटा सेन्टरहरूका लागि आधारभूत संयोजी संरचना बनेको इजरायली नेटवर्किङ कम्पनीको अधिग्रहणपछि, इजरायलमा कम्पनीको उपस्थिति व्यापक रूपमा विस्तार भयो ।

आज, इजरायलमा ६ हजारभन्दा बढी एनभिडिया कर्मचारीहरू कार्यरत छन् र त्यहाँबाट व्यवस्थापन गरिएका सञ्चालनहरूले कम्पनीको कुल राजस्वको १८ प्रतिशत हिस्सा ओगटेको बताइएको छ । योक्नीम (उत्तरी इजरायली सहर) मा विकास गरिएको नेटवर्किङ प्रविधि एनभिडियाका एआई सुपरकम्प्युटिङ प्रणालीहरूको मेरुदण्ड हो । यसबिना, हजारौँ जीपीयूहरू (ग्राफिक्स प्रोसेसिङ युनिट/GPUs) आपसमा सञ्चार गर्न सक्दैनन् । यो बिना, ठुलो स्तरमा एआईको तालिम सम्भव छैन ।

क्रेसले यो (मेलानोक्स) इजरायली साम्राज्यको (एनभिडियासँगको) वित्तीय एकीकरणको रेखदेख गरिन् । उनी अवस्थालाई सम्हाल्न भित्र आएकी कुनै बाहिरी व्यक्ति होइनन् । उनी कम्पनीकी लगानीकर्ता हुन् र इजरायली परिचालन केन्द्रप्रति उनको निष्ठा सार्वजनिक अभिलेखमा रहेको विषय हो ।

**उत्तराधिकार पूर्व-नियोजित थियो**

अन्तरिम एउटा औपचारिकता मात्र हो । बोर्डले आन्तरिक र बाह्य दुवै उम्मेदवारहरूलाई विचार गर्ने सङ्केत दिइसकेको छ । वास्तविक शक्ति भने आन्तरिक समूहभित्रै निहित छ । स्थायी उत्तराधिकारीको रूपमा चर्चामा रहेका व्यक्तिहरू - CUDA निर्माण गर्ने इन्जिनियर इयान बक र सह-संस्थापक क्रिस मालाचोस्कीको नामसँगै एउटा यथार्थ पनि अघि सारिएको छ; एनभिडियाको सबैभन्दा महत्त्वपूर्ण व्यवसायिक एकाइ, मेलानोक्सबाट विकसित नेटवर्किङ डिभिजन, इजरायलबाट सञ्चालित हुन्छ ।

आगामी सीईओले यस्तो कर्पोरेट संरचनाको प्राप्त गर्नेछन्, जसमा इजरायली एकाइ कुनै सहायक कम्पनी नभई एउटा स्नायु प्रणालीको रूपमा रहेको छ ।

स्पष्ट र सोझो कुरा गर्न रुचाउने ग्लेन ग्रीनवाल्डले 'एक्स' (X) मा व्याप्त कोलाहलबिच आफ्नो प्रस्त धारणा राखे - "जेन्सेन हुआङलाई कसले बाहिर निकाल्न चाहेको थियो मलाई थाहा छैन तर जसले पनि यसो गर्न खोजेको थियो । रुससँग असाध्यै ठुलो शक्ति छ भन्ने कुरा मलाई थाहा छ । डोनाल्ड जे. ट्रम्पको युगमा, विवाहेत्तर सम्बन्धका कारण निकै शक्तिशाली व्यक्तिहरू ह्वात्तै ओरालो लाग्छन् भन्ने कुरामा कसैले विश्वास गर्दैन, होइन र ?

ग्रीनवाल्डको अन्तर्ज्ञान सही छ । प्रेम-सम्बन्धको कथा एउटा सुविधाजनक हतियार हो, यो संरचनागत सफायालाई ढाकछोप गर्न गरिने नैतिक आवरण मात्र हो । आफ्ना कमजोरीहरू भए पनि हुआङ एक विशिष्ट शक्ति थिए जसले एनभिडियाको उत्पादन मार्गचित्रलाई कुनै एक भूराजनीतिक गुटको पूर्ण अधीनमा जानबाट रोकेका थिए । सस्तो, खुला-स्रोत (Open-Source) भएका चिनियाँ मोडेलहरूलाई उनले दिएको प्रोत्साहन, यहुदीवादी सुरक्षा संयन्त्रले माग गर्ने बन्द-प्रणाली नियन्त्रण (Close-loop Control) का लागि एउटा खतरा थियो ।

***बाँकी पृष्ठ ६ मा***

# सन् १९१७ को मजदुर क्रान्ति - ७

✍ **नारायणमान बिजुक्छेँ (रोहित)**

**२७ अक्टोबर (९ नोभेम्बर)**

कज्जाक सेनाले ७ नोभेम्बरदेखि नै दोन प्रदेश आफ्नो हुकुममा भएको घोषणा गऱ्यो। संयुक्त सरकारलाई समर्थन गर्दै जाने र स्थिति ठाउँमा नआएसम्म हुकुम आफ्नो हातमा लिने विज्ञप्ति ८ नोभेम्बरको दिन प्रसारित गऱ्यो। त्यस विज्ञप्तिमा आतायान कलेदिनले 'कज्जाक सेनाको सरकारको अध्यक्ष' को रूपमा हस्ताक्षर गरेका थिए।

पेट्रोग्रादभन्दा झन्डै ३० किलोमिटर दक्षिण पश्चिममा गातथिना भन्ने एक सहर छ। अस्थायी सरकारको अध्यक्ष र प्रमुख सेनापतिको रूपमा करेन्स्कीले त्यहीबाट सबै सेनालाई आ- आफ्नो कर्तव्य पूरा गरिरहन आदेश दिइरहेका थिए। स्थिति साऱ्है अस्पष्ट थियो। कहीं सरकारी सेना बोल्शेभिकहरूसँगै मिल्दै थियो भने कहीं बोल्शेभिक पक्षका सेना अलमलमा थियो। तर, सबैतिर एक कुरामा समानता थियो; त्यो हो ठुलठुला अफिसरहरू पुरानै सरकारको पक्षमा हुन्थे, केही तटस्थ हुन चाहन्थे र स्थितिअनुसार पक्षमा लाग्न चाहन्थे। तर, तल्लो तहका सबैजसो सिपाही, सोभियत र बोल्शेभिकहरूको पक्षमा थिए। यसप्रकार सबै छाउनी र ब्यारेकहरूको स्थिति पिङजस्तो हल्लिरहेको थियो। साधारण जनताको बिचमा पनि त्यही कुरा थियो। मजदुर, किसान, सिपाही र साधारण जनता सोभियतको समर्थनमा थिए भने पुँजीपतिवर्ग, अफिसर र खानदानीवर्ग पुरानो सरकारको पक्षमा थिए।

रेल, रेडियोका मजदुर र कर्मचारीले बोल्शेभिकहरूको सूचना र आदेश बाहिर पठाउन अस्वीकार गरिरहे। हुलाकका कर्मचारीहरू चिठी-पत्र छुन पनि अस्वीकार गरिरहेका थिए। ३६ घण्टा बोल्शेभिकहरूको अरू प्रान्तहरूसँग सम्पर्क नै थिएन। यद्यपि, विद्रोह र क्रान्तिको सूचना सारा रुसमा आँधीबेहरी र बिजुलीजस्तै फैलिरहेको थियो। तर, अझै पनि राजधानीका १६ वटा मन्त्रालयका कर्मचारीले हडताल गरिरहेका थिए।

त्सारस्कोले सेलो भन्ने सरकारी रेडियो स्टेसनले समय-समयमा सरकारी समाचार बुलेटिन प्रचार गर्दै थियो। सोभियत सरकारको विरोधमा पेट्रोग्राद नगर ड्युमाले प्रान्तहरूमा आफ्नो प्रचार चर्काउँदै थियो। प्रचारका कागज पर्चाहरू लिएर दुईवटा हवाईजहाज दुई मोर्चाको निम्ति उड्यो।

हेल्सिंगफोर्सको सोभियतले बोल्शेभिकहरूलाई समर्थन गऱ्यो। किभका बोल्शेभिकहरूले बारुदखाना र रेडियो केन्द्र कब्जा गरे। कज्जाकमा भद्रगोल भयो। साइबेरियाको टाढा क्रास्नोयार्स्कको नगरपालिकाले सोभियतहरूको समर्थन गर्यो। मास्को सोभियतले बोल्शेभिकहरूलाई समर्थन गरे। तर, सार्कीहरू हडतालमा थिए भने कारखानाका मालिकहरू कारखाना बन्द गर्ने तरखरमा थिए।

पेट्रोग्राद नगर ड्युमाको मुखपत्र 'वेस्तनिक गोरोद्स्कोबो सामोद्उ प्राब्लेनिया' (नगरपालिका स्वशासन बुलेटिन), 'गोलोस सोल्दात' (सैनिक वाणी), 'सोल्दात्स्की गोलोस' (सैनिक आवाज) को नामका अखबारले बोल्शेभिक लालरक्षकलाई जथाभावी गाली गरे। लालरक्षक र माझीहरूले ती अखबार जफत गर्दै थिए। अखबार जफत गरेकोमा विरोधीहरू चिच्याइचिच्याइ गाली गर्थे। अलेक्सान्द्र भवनमा सबै विरोधी पार्टी र विभिन्न समितिको बैठक हुँदै थियो। त्यसलाई रक्षा समितिको नाउँ दिइएको थियो। त्यस सभामा बोल्शेभिकहरूलाई चिच्याइचिच्याइ गाली गरिदै थियो। केहीले सोभियतहरूले स्वीकार गरेको भूमिसम्बन्धी ऐनलाई समाजवादी क्रान्तिकारीहरूको चोरी र नक्कल भने। तर, त्यस बैठकले 'रक्षा समिति' को समर्थन र बोल्शेभिकहरूको विरोधमा लोकमत तयार गरेपछि केही गर्ने निर्णय गर्यो।

निकोलाई भवनमा पनि नगर ड्युमाका प्रतिनिधिहरूको भेला थियो। सभा भवन मानिसहरूले खचाखच भरिएको थियो। ड्युमा भङ्ग गर्ने हल्ला फैलिरहेकोले बोल्शेभिकहरूसँग ड्युमाका सदस्यहरू साऱ्है रिसाएका थिए। तिनीहरूले बोल्शेभिकहरूलाई जर्मनहरूका दलाल, उत्तेजना फैलाउनेहरू, जबरजस्ती सत्ता हत्याउने, धोकेबाज र ज्यानमाराहरू आदि नाउँले गाली गर्दै थिए। तिनीहरूले नगर ड्युमाको स्वतन्त्रता र गौरवका कुरा बढार्दै गए र बोल्शेभिकहरूको विरोधमा प्रस्ताव ल्याउँदै गए।



№ 208.
Пятница,
27 октября 1917 г.

ИЗВѢСТІЯ

ЦѢНА:
въ Петроградѣ 15 коп.
на ст. жел. д. 18 коп.

Центральнаго Исполнительнаго Комитета
И ПЕТРОГРАДСКАГО СОВѢТА
РАБОЧИХЪ и СОЛДАТСКИХЪ ДЕПУТАТОВЪ.

Адресъ конторы: Лиговка, Сайкинъ пер., д. № 6. Телефонъ № 218-41.
Адресъ редакціи: Смольный Институтъ, 2-й этажъ комната № 141. Телефонъ № 38-89.

## Декретъ о мирѣ,

принятый единогласно на засѣданіи Всероссійскаго Съѣзда Совѣтовъ Рабочихъ, Солдатскихъ и Крестьянскихъ Депутатовъ
26 октября 1917 г.

Рабочее и крестьянское правительство, созданное революціей 24—25 октября и опирающееся на Совѣты Рабочихъ, Солдатскихъ и Крестьянскихъ Депутатовъ предлагаетъ всѣмъ воюющимъ народамъ и ихъ правительствамъ начать немедленно переговоры о справедливомъ демократическомъ мирѣ.

Справедливымъ или демократическимъ миромъ котораго жаждетъ подавляющее большинство истощенныхъ, измученныхъ и истерзанныхъ войной рабочихъ и трудящихся классовъ всѣхъ воюющихъ странъ—миромъ, котораго самымъ опредѣленнымъ и настойчивымъ образомъ требовали русскіе рабочіе и крестьяне послѣ свержения царской монархіи,—такимъ миромъ правительство считаетъ немедленный миръ безъ аннексій (т. е. безъ захвата чужихъ земель, безъ насильственнаго присоединенія чужихъ народностей) и безъ контрибуцій.

Такой миръ предлагаетъ Правительство Россіи заключить всѣмъ воюющимъ народамъ немедленно, выражая готовность сдѣлать безъ малѣйшей оттяжки тотчасъже всѣ рѣшительные шаги впредь до окончательнаго утвержденія всѣхъ условій такого мира полномочными собраніями народныхъ представителей всѣхъ странъ и всѣхъ націй.

Подъ аннексіей или захватомъ чужихъ земель Правительство понимаетъ сообразно правовому сознанію демократіи вообще, и трудящихся классовъ въ особенности всякое присоединеніе къ большому или сильному государству малой или слабой народности безъ точно, ясно и добровольно выраженнаго согласія и желанія этой народности, независимо отъ того, когда это насильственное присоединеніе совершено, независимо также отъ того насколько развитой или отсталой является насильственно присоединяемая или насильственно удерживаемая въ границахъ даннаго государства нація. Независимо, наконецъ, отъ того, въ Европѣ или въ далекихъ заокеанскихъ странахъ эта нація живетъ.

Если какая бы то ни была нація удерживается въ границахъ даннаго государства насиліемъ, если ей, вопреки выраженному съ ея стороны желанію—все равно, выражено ли это желаніе въ печати, въ народныхъ собраніяхъ, въ рѣшеніяхъ партій или возмущеніяхъ и возстаніяхъ противъ національнаго гнета—не представляется права свободнымъ голосованіемъ, при полномъ выводѣ войска присоединяющей или вообще болѣе сильной націи, рѣшить безъ малѣйшаго принужденія вопросъ о формахъ государственнаго существованія этой націи, то присоединеніе ея является аннексіей, т. е. захватомъ и насиліемъ.

Продолжать эту войну изъ-за того, какъ раздѣлить между сильными и богатыми націями захваченныя ими слабыя народности, Правительство считаетъ величайшимъ преступленіемъ противъ человѣчества и торжественно заявляетъ свою рѣшимость немедленно подписать условія мира, прекращающаго эту войну на указанныхъ равно справедливыхъ для всѣхъ безъ изъятія народностей условіяхъ.

Вмѣстѣ съ тѣмъ Правительство заявляетъ, что оно отнюдь не считаетъ вышеуказанныхъ условій мира ультимативными, т. е. согласивается разсмотрѣть и всякія другія условія мира, настаивая лишь на возможно болѣе быстромъ предложеніи ихъ какой бы то ни было воюющей страной и на полнѣйшей ясности, на безусловномъ исключеніи всякой двусмысленности и всякой тайны при предложеніи условій мира.

Тайную дипломатію Правительство отмѣняетъ, со своей стороны выражая твердое намѣреніе вести всѣ переговоры совершенно открыто передъ всѣмъ народомъ, приступая немедленно къ полному опубликованію тайныхъ договоровъ, подтвержденныхъ или заключенныхъ правительствомъ помѣщиковъ и капиталистовъ съ февраля по 25 октября 1917 года. Все содержаніе этихъ тайныхъ договоровъ, поскольку оно направлено, какъ это въ большинствѣ случаевъ было къ доставленію выгодъ и привилегій русскимъ помѣщикамъ и капиталистамъ, къ удержанію или увеличенію аннексій великороссовъ, Правительство объявляетъ безусловно и немедленно отмѣненнымъ.

Обращаясь съ предложеніемъ къ правительствамъ и народамъ всѣхъ странъ начать немедленно открытые переговоры о заключеніи мира, Правительство выражаетъ съ своей стороны готовность вести эти переговоры, какъ посредствомъ письменныхъ сношеній, по телеграфу, такъ и путемъ переговоровъ между представителями разныхъ странъ или на конференціи таковыхъ представителей. Для облегченія такихъ переговоровъ Правительство назначаетъ своего полномочного представителя въ нейтральныя страны.

Правительство предлагаетъ всѣмъ правительствамъ и народамъ всѣхъ воюющихъ странъ немедленно заключить перемиріе, причемъ со своей стороны, считаетъ желательнымъ, чтобы это перемиріе было заключено не меньше, какъ на три мѣсяца, т. е. на такой срокъ, въ теченіе котораго вполнѣ возможно, какъ завершеніе переговоровъ о мирѣ съ участіемъ представителей всѣхъ безъ изъятія народностей, или націй, втянутыхъ въ войну или вынужденныхъ къ участію въ ней, такъ равно и созывъ полномочныхъ собраній народныхъ представителей всѣхъ странъ для окончательнаго утвержденія условій мира.

Обращаясь съ этимъ предложеніемъ мира къ правительствамъ и народамъ всѣхъ воюющихъ странъ, временное рабочее и крестьянское правительство Россіи обращается также въ особенности къ сознательнымъ рабочимъ трехъ самыхъ передовыхъ націй человѣчества и самыхъ крупныхъ участвующихъ въ настоящей войнѣ государствъ, Англіи, Франціи и Германіи. Рабочіе этихъ странъ оказали наибольшія услуги дѣлу прогресса и соціализма и великіе образцы чартистскаго движенія въ Англіи, рядъ революцій, имѣвшихъ всемірно-историческое значеніе, совершенныхъ французскимъ пролетаріатомъ, наконецъ, въ геройской борьбѣ противъ исключительнаго закона въ Германіи и образцовой для рабочихъ всего міра длительной, упорной дисциплинированной работѣ созданія массовыхъ пролетарскихъ организацій Германіи. Всѣ эти образцы пролетарскаго геройзма и историческаго творчества служатъ намъ порукой за то, что рабочіе названныхъ странъ поймутъ лежащія на нихъ теперь задачи освобожденія человѣчества отъ ужасовъ войны и ея послѣдствій, что эти рабочіе всесторонней рѣшительной и безпощадно энергичной дѣятельностью своей помогутъ намъ успѣшно довести до конца дѣло мира и вмѣстѣ съ тѣмъ дѣло освобожденія трудящихся и эксплоатируемыхъ массъ населенія отъ всякаго рабства и всякой эксплоатаціи.

**शान्तिसम्बन्धी बोल्शेभिक विज्ञप्ति प्रकाशित भएको पत्रिकाको अग्रपृष्ठ**

मिखाइलोभ्स्की घोडचढी सेनाको शिक्षालयमा पुग नपुग दुई हजार सिपाहीको बैठक भइरहेको थियो। सभा भवन साऱ्है ठुलो थियो। सिपाहीहरू आपसमा चर्को वादविवाद गर्दै थिए। तोपगाडी सैनिक दलको 'अखिल रुसी काङ्ग्रेस' को अध्यक्ष खानजोनोभ सभामा बोल्दै थियो, "रुसीहरूले रुसी दाजु-भाइ मार्नु डरलाग्दो कुरा हो।.... हामी सिपाहीहरू राजनीतिक पार्टीहरूको झैं-झगडामा किन फस्ने ?" उसले गृहयुद्धको विरोध गर्यो। ऊ वास्तवमा तटस्थ रहन चाहन्थ्यो।

अर्को एक सिपाही उठेर सब प्रकारको लडाइँको विरोध गऱ्यो। एक मेन्शेभिक उठेर जित नभएसम्म लडिरहने कुरा उठायो। भिडमा एक तीखो स्वर सुनियो, "तपाईं त करेन्स्कीले जस्तै कुरा गर्दै हुनुहुन्छ।" ड्युमाको एक प्रतिनिधिले तटस्थताको पक्ष लियो। एक बोल्शेभिकले समाजवाद र क्रान्तिको बारेमा बोल्यो। त्यस्तै, फेरि खानजोनोभ र एक मजदुरले तटस्थताकै पक्ष लिए। एक बोल्शेभिक बोल्न लाग्यो। तुरुन्तै भिडबाट सिटी बज्यो, हाहाहुहु भयो। अनि, 'हामी खानजोनोभ चाहन्छौं', 'क्रिलेन्को मुर्दावाद' भनेर नारा लाग्यो। बैठकमा गन्जागोल भयो। सभामा गोलमाल गर्न खोज्नेहरू पछि हटे।

बोल्शेभिक मन्त्रिपरिषद्को सेनासम्बन्धी एक कमिसार क्रिलेन्कोले बोले, "सिपाही साथीहरू, म चार रातदेखि सुतेको छुइनँ यसकारण बडो दुःखको कुरा त म तपाईंहरूसँग राम्रो कुरा गर्न सक्दिनँ।"

"म एक सिपाही हुँ भन्ने कुरो मैले तपाईंहरूलाई भनिरहनु आवश्यक छैन। तपाईंहरू र अन्य बहादुर साथीहरूको सहायताले बोल्शेभिक पार्टीले रगत पिउन चाहने पुँजीपतिवर्गको हुकुमलाई सदाको निम्ति पल्टाइदियो; मजदुर र सिपाहीहरूको क्रान्तिलाई सफलतापूर्वक सम्पन्न गऱ्यो, सबैसँग शान्ति प्रस्तावको वचन दिएको थियो; त्यो वचन पूरा भयो; त्यो आजै पूरा भयो।"

त्यसपछि उनले तटस्थ बस्न चाहने युद्कर र अरू प्रतिक्रियावादी सेना कहिल्यै तटस्थ नभएको र तिनीहरूले सदा जनतालाई गोली हानेर मारेको कुरा सम्झना गराए। उनले भने, "एकातिर करेन्स्की, कलेदिन र कोर्निलोभ छन्, मेन्शेभिक, समाजवादी क्रान्तिकारी, क्याडेट, ड्युमा र अफिसरहरू छन्। अर्कोतिर मजदुर, सिपाही र माझीहरू छन्, गरिबभन्दा गरिब किसान छन्। सरकार तपाईंको हातमा छ। के तपाईं आफ्नो अधिकार फर्काउन चाहनुहुन्छ ?"

उनी थाकेर चूर थिए। ठुलो तालीबाट उनको भाषणको स्वागत गरियो। खानजोनोभले फेरि बोल्न खोज्दा सबैले मत लिन चिच्याए। उनले भने, "तोपगाडीको सैनिक दलले सैनिक क्रान्तिकारी समितिबाट आफ्नो प्रतिनिधि फिर्ता बोलाउँछ र यस गृहयुद्धमा आफ्नो तटस्थताको घोषणा गर्छ।" यस प्रस्तावको समर्थन गर्ने दायाँपट्टि र विरोध गर्ने बायाँपट्टि लाग्न भने।

एकछिनपछि बायाँ अर्थात् तटस्थताको विरोध गर्नेहरू अत्यन्त बहुमत देखिए। पुग नपुग दुई हजार सिपाहीहरूमा झन्डै ५० जनामात्रै दायाँपट्टि लागे वा तटस्थताको समर्थनमा थिए। बोल्शेभिक पक्षको विजय भयो। विरोधीहरू बाहिर गए। यसप्रकारको छलफल र मत लिने प्रजातान्त्रिक परिपाटी रुसी अक्टोबर क्रान्तिको विशेषता थियो। यहीं कुरो हर कारखानाको मजदुर सङ्घहरूमा, गाउँ, छाउनी, जहाजी सेना, माझी र व्यापक जनतामा लागू हुन्थ्यो। क्रिलेन्कोजस्ता नेताहरू कारखाना, गाउँ, छाउनी र अनेक बैठकहरूको छलफलमा भाग लिन्थे; भाषण दिन्थे; एकपछि अर्कोलाई सम्झाउँथे र सङ्घर्ष गर्थे। आखिरमा जनताबाट निर्णय गराउँथे।

जनकमिसार परिषद्को अध्यक्षको रूपमा लेनिनले १२ नोभेम्बरको दिन संविधानसभाको चुनाव गराउन देशभरि आदेश पठाउनुभयो।

नगर ड्युमामा चर्काचर्की सभा चलिरहेको थियो। सभामा पालैपालो मन्त्रालय, तेल-मजदुर युनियन, हुलाक अड्डाका प्रतिनिधिले लेनिन र बोल्शेभिकहरूलाई लुटपाट गर्ने अन्यायी र अत्याचारी भन्दै जथाभावी गाली गर्दै थिए। तिनीहरूले जनतालाई बोल्शेभिकहरूको विरोधमा उत्तेजित पार्दै थिए।

यसप्रकार स्थिति बडो गन्जागोल थियो र बोल्शेभिकविरोधी अनेक झूटा कुरा प्रचार गरिँदै थियो। एकातिर फोन्तान्का नं. ६ मा किसानहरूको सोभियत, नेभ्स्की सडकको ठुलो भवनको इजिनेर्ती जाभोक (इन्जिनियरिङ स्कूल) र ड्युमा भवनमा भित्रभित्र गतिविधि गर्दै थियो। अर्कोतिर स्मोल्नीमा सैनिक क्रान्तिकारी समिति निरन्तर काम गर्दै थियो; सिपाहीहरूको लाम करेन्स्कीसँग लड्न रातभरि जाँदै थियो।



**कारखाना मजदुरहरूको लालरक्षक दल**

**२८ अक्टोबर (१० नोभेम्बर)**

'देलो नरोदा' (जनकार्य) र 'नरोदनोये स्लोबो' (जनवाणी) जस्ता विरोधी पत्रपत्रिकाले जनतालाई लेनिन र त्रोत्स्कीबाट ठगिएका, मूर्खहरू भने अनि क्रान्ति र मजदुर किसानहरूको सरकारलाई 'अफिमचीको पागलपन' भनेर गाली गरे।

बोल्शेभिक सरकारले नयाँनयाँ ऐन स्वीकृत गर्दै गयो; नगर ड्युमालाई लोक कल्याणका नयाँनयाँ अधिकार दिँदै गयो, हल्लाको ठीक उल्टो। तर, सेनालाई आत्मसमर्पण गराउन करेन्स्कीको भाषण उतारिएको पर्चा हवाईजहाजबाट सहरमा खसालिँदै थियो। नगर ड्युमा र रक्षा समिति छलफलमा थियो।

राष्ट्र बैङ्कका कर्मचारीहरूले बोल्शेभिक मन्त्रीहरूको मातहतमा काम गर्न अस्वीकार गरिरहेका थिए। तिनीहरूले सोभियत सरकारलाई पैसा दिन अस्वीकार गरे। निजी बैङ्कहरू सबै बन्द थिए। मन्त्रालयहरू हडतालमा थिए। ड्युमाको एक समिति भने हडतालीहरूलाई सहयोग गर्न पुँजीपतिहरूसँग चन्दा लिएर एक कोष जम्मा गर्दै थियो।

बोल्शेभिक सरकारको शान्तिसम्बन्धी विज्ञप्ति विभिन्न विदेशी भाषामा उल्था गर्नु आवश्यक थियो। त्रोत्स्कीको त्यस आदेशलाई अस्वीकार गरेर ६४० कर्मचारीले राजीनामा दिए। श्रममन्त्रीले २४ घण्टाभित्र आफ्नो काममा नफर्केमा सबैको जागीर खोस्ने र पेन्सनको अधिकार पनि खोस्ने आदेश दिए। पिउनबाहेक अरू फर्केनन्।

विशेष खाद्य संस्थान र टेलिफोनमा काम गर्ने कर्मचारीहरूले धेरै तलब दिए पनि सोभियत सरकारको तल बसेर काम नगर्ने जिद्दी लिए। सोभियतहरूमा भाग लिने समाजवादी क्रान्तिकारीहरू पार्टीबाट निकालिए। किभ, लुगा, दोन प्रदेश र अन्य ठाउँहरूमा पनि सोभियतहरूको हार, तीसौं हजार सेना अस्थायी सरकारको पक्षमा गएको र मजदुर सङ्गठनहरू भङ्ग हुँदै गएको समाचार आइरहेको थियो। 'भोल्या नरोदा' भन्ने पत्रिकाको एक पत्रकार गुप्ती पुलिस भनेर गर्दन समातेर निकालेकोमा बोल्शेभिकहरूलाई गाली गर्दै थियो। तर, बोल्शेभिकहरूले सारा प्रान्तको निम्ति मेन्शेभिक र समाजवादी क्रान्तिकारीहरूले मजदुरवर्गलाई विश्वासघात गरेको र तिनीहरूको जितको कुरा झूटो हो भन्ने लेखिएका पर्चा र आदेशहरू पठाइरहेका थिए।

ठाउँठाउँमा सैनिक रेजिमेन्ट, मजदुर सङ्गठन, नयाँ छानिएका सैनिकहरूका क्रान्तिकारी समिति र विभिन्न सैनिक डिभिजनबाट बोल्शेभिकहरूलाई समर्थन र बधाई पुग्दै थियो। तर, करेन्स्कीको सेनाले राजधानीमा हमला गर्ने कुराको हल्ला चलिरह्यो। त्यसको विरोध गर्न बोल्शेभिकहरू तयार भए। सोभियत हुकुमलाई उल्टाउन १० नोभेम्बरकै दिन करेन्स्कीले उत्तरी मोर्चाबाट पेट्रोग्रादमाथि हमला गर्न जनरल क्रासनोभको कमानमा कज्जाक दस्ता पठाए।

सम्भावित आक्रमणसँग जुझ्न जिल्ला सोभियतहरू र कारखाना समितिहरूलाई सोभियत सरकारले खाडल खन्न, बाटाहरूमा छेकबार र काँडेतार लगाउन, उपलब्ध हतियारले आफूलाई सुसज्जित गर्न, अनुशासित ढङ्गले क्रान्तिकारी सेनालाई सघाउन, आवश्यक भएमा कारखाना बन्द गर्न आदेश दियो।

त्यस आह्वानअनुसार गोलीको पेटी लगाएका, बन्दुक र अन्य हातहतियार भिरेका केटाकेटी, महिला र लोग्नेमान्छेहरू लाम लागेर पेट्रोग्रादको दक्षिण-पश्चिमतिर लागे। कारखानाहरूले खतराको तीखो सिटी बजाए। एकै दिनमा दसौं हजार जनताले पेट्रोग्रादबाट १० कोस पर क्रान्तिका विरोधीहरूसँग लड्ने ठाउँ बनाउन थाले। लडाइँ भयो। अँध्यारो रातमा पनि तिनीहरू निर्दयी कज्जाक सेनासँग कम्मर कसेर लडे; तिनीहरू घोडाबाट कति जना पछारिन्थे; आगो ओकलिरहेको बन्दुक र तोपको अगाडि जमिनमा सुत्थे; तितरवितर हुन्थे तर फेरि सङ्गठित भएर लड्थे।

घाइतेहरूलाई मलमपट्टी लगाउँथे; मर्न लागेका साथीहरूलाई कानमा बिस्तारै भन्थे, 'क्रान्ति ! जनता !' मर्नुभन्दा अगाडि तिनीहरू ठुलो स्वरले भन्थे, 'सोभियत जिन्दावाद ! शान्ति छिट्टै हुनेछ !' नयाँ विश्वास र उत्साह लिएर आएका मजदुरहरू नयाँ उद्देश्य र नयाँ सिद्धान्तको निम्ति लडिरहेका महिला र लोग्नेमान्छेहरू देखेर कज्जाक सेनाले मजदुर सिपाहीहरूमाथि गोली चलाउन अस्वीकार गर्यो। बोल्शेभिकहरूलाई दबाउन प्रधानसेनापति भएर आएका करेन्स्की भेष बदलेर एक्लै भागे।

तर, पेट्रोग्रादमा अनेक हल्ला चल्दै थियो। विद्यार्थी र बुद्धिजीवी एकातिर मजदुर, किसान र सिपाहीहरू अर्कातिर थिए। बुद्धिजीवीहरू समाजवादका किताबी कुरा गर्थे र मजदुर, किसान तथा सिपाहीहरू मजदुरवर्गमा होइन भने पुँजीपतिवर्गमा छन् भनेर प्रस्टै भन्थे। चारैतिर गोली चलेको, कारखानाको सिटी, मोटरको हर्न र मानिसहरूको चिच्याहटले वातावरणलाई थर्काइरहेको थियो।

***साभार : अक्टोबर क्रान्ति र यसको महत्त्व***




दक्षिण भारतको तेलंगना राज्यको नलगोन्डा जिल्लामा अखिल भारतीय किसान सभाको ३८ औँ जिल्ला सम्मेलन उद्घाटनको क्रममा हँसिया हथौडा अङ्कित झन्डासहित निक्लेको विशाल किसान ज्याली नोभेम्बर १५, २०२६ को दिन । नलगोन्डा जिल्ला र समग्र तेलंगना राज्य क्रान्तिकारी किसान आन्दोलनको स्थल रहँदै आएको छ । *तस्बिर : सीपीआइएम तेलंगनाको फेसबुक*

# जलवायु प्रतिबद्धता कार्यान्वयनमा लैजान राष्ट्रसङ्घको जोड

अन्टाल्या, २९ कार्तिक (सिन्हुवा) । संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी कार्यकारी सचिव साइमन स्टिलले जलवायु परिवर्तनविरुद्धको विश्वव्यापी प्रयासलाई प्रभावकारी बनाउन वार्ताकारहरूलाई बाँकी समयको सदुपयोग गर्दै शीघ्र निर्णय लिन आग्रह गर्नुभएको छ ।

टर्कीको तटीय सहर अन्ताल्यामा जारी संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी ३१ औँ सम्मेलन (कोप-३१) मध्यबिन्दुमा पुगेका बेला शनिबार आयोजित पत्रकार सम्मेलनमा उहाँले कठिन विषयहरूमा तत्काल छलफल अघि बढाउन र रणनीतिक ढिलाइ नगर्न सबै पक्षलाई आह्वान गर्नुभएको हो ।

स्टिलले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सहमति कायम गर्न सबै सहभागी राष्ट्रले लचकता अपनाउँदै आपसी समझदारी र सहकार्य गर्नुपर्ने बताउनुभयो । उहाँका अनुसार वार्ताका क्रममा प्रत्येक शब्द र वाक्यमा सहमति जुटाउनु चुनौतीपूर्ण भए पनि साझा लक्ष्य हासिल गर्न त्यस्तो प्रयास आवश्यक छ । सबै पक्षको सम्झौता र सहकार्यबिना सामूहिक सफलता सम्भव नहुने उहाँको भनाइ थियो ।

उहाँले कोप-३१ मा जलवायु परिवर्तनसँग सम्बन्धित व्यावहारिक पहलहरूले गति लिइरहेको जानकारी दिनुभयो । अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्दै स्वच्छ ऊर्जा, जलवायु उत्थानशील पूर्वाधार, हरित उद्योग तथा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा ठोस काम अघि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

जलवायु परिवर्तनविरुद्धको अभियानलाई सफल बनाउन सरकारी नीति र अन्तर्राष्ट्रिय सम्झौतामा मात्र सीमित नराखी विश्वभरका अर्बौं मानिसको दैनिक जीवनसँग जोड्नुपर्ने पनि स्टिलले बताउनुभयो । यसका लागि खेलकुद, मनोरञ्जन र संस्कृतिजस्ता लोकप्रिय क्षेत्रलाई जलवायु सचेतना तथा समाधानको माध्यम बनाउन सकिने उहाँको धारणा थियो ।

उहाँले जलवायु परिवर्तनका असर र समाधानलाई नागरिकका प्रत्यक्ष आवश्यकतासँग जोड्नुपर्ने उल्लेख गर्दै गुणस्तरीय स्वास्थ्य सेवा, रोजगारीका अवसर तथा सस्तो र भरपर्दो ऊर्जालाई यस अभियानको केन्द्रमा राख्नुपर्ने बताउनुभयो ।

सोमबारदेखि सुरु भएको कोप-३१ सम्मेलन नोभेम्बर २० सम्म सञ्चालन हुनेछ । सम्मेलनको मुख्य उद्देश्य जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई ठोस कार्यान्वयनमा रूपान्तरण गर्नु हो । विशेषगरी विकासशील राष्ट्रका लागि जलवायु वित्तको विस्तार, जलवायु अनुकूलनका कार्यक्रम तथा स्वच्छ ऊर्जातर्फको सङ्क्रमणलाई सम्मेलनले प्राथमिकता दिएको छ ।

सम्मेलनको बाँकी अवधिमा यी विषयमा सहमति जुटाउन र प्रतिबद्धतालाई व्यवहारमा उतार्न सबै राष्ट्रबिच सहकार्य आवश्यक रहेको छ ।

# प्राविधिक समस्याले अमेरिकाको हवाई सेवा अस्तव्यस्त

वासिङ्टन, २९ कार्तिक (एपी) । अमेरिकामा प्राविधिक समस्याका कारण शुक्रबार राष्ट्रव्यापी रूपमा हवाई उडान रोकिएपछि हजारौँ यात्रु प्रभावित भएका छन् । चार घण्टाभन्दा बढी समयसम्म जारी उडान रोक शनिबार राति करिब ८:१५ बजे (स्थानीय समय) अन्त्य भएपछि केही आन्तरिक उडान पुन: सञ्चालनमा आएका छन् । यद्यपि, उडान सेवा पूर्ण रूपमा सामान्य हुन अझै समय लाग्ने अधिकारीहरूले बताएका छन् ।

अमेरिकी सङ्घीय उड्डयन प्रशासन (एफएए) का अनुसार शुक्रबारको अवरोधका कारण निर्धारित उडानमध्ये करिब १२ हजार उडान सञ्चालन हुन सकेनन् । शनिबारका लागि निर्धारित ४१ हजार उडानमध्ये करिब पाँच हजार उडान रद्द गरिएको थियो । पछिल्लो २५ वर्षयताकै सबैभन्दा लामो उडान रोकका कारण देशका विभिन्न विमानस्थलमा यात्रु अलपत्र परेका थिए ।

एफएएका प्रशासक ब्रायन बेडफोर्डले शनिबार हवाई यातायात प्रणाली स्थिर र सञ्चालनमा रहेको जानकारी दिनुभयो । उहाँले उडानमा अझै ढिलाइ तथा रद्द हुने समस्या देखिए पनि आइतबारसम्म सेवा पूर्ण रूपमा सामान्य अवस्थामा फर्किने अपेक्षा गरिएको बताउनुभयो ।

"आज पनि उडानमा ढिलाइ र रद्द हुने समस्या रहनेछ, तर यसले भोलिसम्म पूर्ण रूपमा सेवा पुन: सञ्चालन गर्न सहयोग गर्नेछ," बेडफोर्डले भन्नुभयो । उहाँले यात्रुहरूलाई परेको असुविधाप्रति क्षमायाचना गर्दै हवाई यातायात नियन्त्रक, विमान चालक तथा परिचारिकाहरूको कामको प्रशंसा गर्नुभयो ।

यसैबिच, अमेरिकी गृह सुरक्षा मन्त्री मार्कवेन मुलिनले उक्त समस्या साइबर आक्रमणका कारण भएको कुनै सङ्केत नरहेको र यसबाट कसैको ज्यान जोखिममा नपरेको बताउनुभएको छ ।

प्रभावित यात्रुलाई राहत दिन विभिन्न विमान कम्पनीले टिकट परिवर्तन शुल्क हटाएका छन् । उडान रद्द भएका यात्रुले अर्को उडानमा नि:शुल्क स्थानान्तरण वा टिकटको पूर्ण रकम फिर्ता पाउने व्यवस्था गरिएको छ । केही कम्पनीले शुक्रबार र शनिबारका यात्रुका लागि मात्र नभई आइतबार र सोमबारका लागि टिकट बुक गरेका यात्रुलाई समेत यो सुविधा विस्तार गरेका छन् । अधिकारीहरूले अमेरिकी हवाई क्षेत्र सुरक्षित रहेको र सेवा क्रमश: सामान्य अवस्थामा फर्किरहेको बताएका छन् ।

# जलवायु सम्झौतामा १.५ डिग्रीको लक्ष्यलाई लिएर राष्ट्रहरूबिच मतभेद

अन्टाल्या, टर्की, २९ कार्तिक ( एएफपी) । विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभित्र सीमित राख्ने लक्ष्यबारे यस वर्षको संयुक्त राष्ट्रसङ्घीय जलवायु सम्मेलन (कोप-३१) मा मतभेद देखिएको छ । एक दशकदेखि जलवायु परिवर्तन नियन्त्रणको प्रमुख लक्ष्यका रूपमा रहेको १.५ डिग्रीको सीमाबारे राष्ट्रहरूबिच अन्योल बढेको हो ।

संयुक्त राष्ट्रसङ्घले गत सेप्टेम्बरमा औद्योगिक युगअघिको तुलनामा विश्वको तापक्रम १.५ डिग्री सेल्सियसभन्दा माथि पुगने अवस्था अब निकट र टार्न नसकिने घोषणा गरेको थियो । हालसम्म पृथ्वीको औसत तापक्रम करिब १.४ डिग्री सेल्सियसले बढिसकेको छ ।

टर्कीएको अन्ताल्यामा जारी कोप-३१ सम्मेलनमा केही राष्ट्रहरूले भने १.५ डिग्रीको लक्ष्य कायम राख्नुपर्ने अडान लिएका छन् । विशेषगरी जलवायु परिवर्तनको प्रत्यक्ष जोखिममा रहेका साना टापु राष्ट्रहरूले यसलाई आफ्नो अस्तित्वसँग जोडेर हेरेका छन् ।

प्रशान्त महासागरस्थित पलाउका राष्ट्रपति सुराङ्गेल ह्विटप्स जुनियरले १.५ डिग्रीको लक्ष्य आफ्नो देशको खाद्य सुरक्षा, अर्थतन्त्र र सार्वभौमिकतासँग जोडिएको विषय भएको बताउनुभएको छ ।

अस्ट्रेलियाले सार्वजनिक गरेको वार्ता प्राथमिकतासम्बन्धी विवरणअनुसार केही देशहरूले अन्तिम सम्झौतामा १.५ डिग्रीलाई अझै पनि सही लक्ष्यका रूपमा स्वीकार गर्नुपर्ने माग गरेका छन् ।

तर, केही राष्ट्रहरूले भने उक्त लक्ष्यलाई सम्झौताबाट हटाउने प्रयास गरिरहेको बताइएको छ । यसमा साउदी अरब र भारतलगायतका देश समेटिएका अरब समूह तथा समान विचारधारा भएका विकासशील राष्ट्रहरूको समूह रहेको वार्तासम्बन्धी स्रोतहरूले बताएका छन् ।

ग्रीनपिसका प्रतिनिधि ज्यास्पर इन्भेन्टरका अनुसार केही विकासशील देशहरू आर्थिक सहयोगबिना उत्सर्जन घटाउन थप दबाब पर्ने चिन्तामा छन् ।

यसैबिच, संयुक्त राष्ट्रसङ्घका निवर्तमान महासचिव एन्टोनियो गुटेरेसले तापक्रम १.५ डिग्रीभन्दा माथि पुगे पनि यस्तो अवस्था सकेसम्म छोटो समयसम्म मात्र रहनुपर्ने बताउनुभएको छ ।

वैज्ञानिकहरूका अनुसार १.५ डिग्रीको सीमा पार भएपछि भीषण बाढी, गर्मीको लहर र मुगा चट्टानको स्थायी विनाशजस्ता जोखिम बढ्नेछन् ।

एक्सेटर विश्वविद्यालयका जलवायु वैज्ञानिक पियरे फ्रिडलिङस्टाइनका अनुसार तापक्रम पुन: १.५ डिग्रीमा झार्न उत्सर्जन तीव्र रूपमा घटाउनुका साथै वृक्षरोपण, सिमसार संरक्षण र नयाँ प्रविधिको व्यापक प्रयोग आवश्यक हुनेछ । उहाँले यो लक्ष्य असम्भव नभए पनि अत्यन्तै चुनौतीपूर्ण रहेको बताउनुभयो ।

## विश्व सङ्क्षेप

# इरानमा यात्रुवाहक बस दुर्घटना मृतकको सङ्ख्या १० पुग्यो, १८ घाइते

तेहरान,२९ कार्तिक (सिन्हुवा) र इरानको पश्चिमी प्रान्त इलाममा शनिबार साँझ भएको बस दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या १० पुगेको छ भने १८ जना घाइते भएका छन् ।

अर्धसरकारी समाचार संस्था फार्सका अनुसार शनिबार स्थानीय समयअनुसार साँझ ७:२५ बजे देहलोरान जिल्लाको दश्त-ए अब्बासबाट अब्दानान जिल्लाको मुर्मुरीतर्फ जाँदै गरेको बस दुर्घटनामा परेको थियो । बसमा देहलोरानस्थित एक पेट्रोलियम प्रशोधन कम्पनीका कर्मचारी सवार थिए ।

इलाम चिकित्सा विज्ञान विश्वविद्यालयको आपत्कालीन चिकित्सा सेवा विभागका प्रमुख मेहदी शाबानीका अनुसार दुर्घटनाको खबर प्राप्त हुनासाथ उद्धार टोली, १० वटा एम्बुलेन्स र एउटा एम्बुलेन्स बस घटनास्थलमा परिचालन गरिएको थियो ।

दुर्घटनामा घाइते भएकाहरूलाई उपचारका लागि इलाम तथा छिमेकी खुजेस्तान प्रान्तका अस्पतालमा लगिएको छ । घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको अधिकारीहरूले बताएका छन् ।

दुर्घटनाको कारणबारे सम्बन्धित सरकारी निकायले अनुसन्धान गरिरहेको र विस्तृत विवरण पछि सार्वजनिक गरिने फार्सले जनाएको छ ।

# अस्ट्रेलियामा दुई छुट्टाछुट्टै सवारी दुर्घटना, चार जनाको मृत्यु, तीन घाइते

सिड्नी, २९ कार्तिक (सिन्हुवा) । अस्ट्रेलियाको पूर्वी राज्य न्यु साउथ वेल्समा शनिबार राति भएका दुई छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको छ भने तीन जना गम्भीर घाइते भएका छन् ।

न्यु साउथ वेल्स प्रहरीले दिएको जानकारीअनुसार पहिलो दुर्घटना स्थानीय समयअनुसार साँझ करिब ७ बजे सिड्नीबाट १०० किलोमिटर दक्षिणपश्चिममा पर्ने अवोका सहरमा भएको थियो । दुईवटा सवारीसाधन एकापसमा ठोक्किँदा एउटा गाडीमा सवार दुई जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । मृतकको पहिचान खुलाइएको छैन ।

दुर्घटनामा अर्को गाडीकी ६४ वर्षीया चालक महिला र ६५ वर्षीय पुरुष यात्रु गम्भीर घाइते भएका छन् । उनीहरूलाई घटनास्थलमै प्राथमिक उपचार गरी अस्पताल भर्ना गरिएको प्रहरीले जनाएको छ ।

यसैबिच, सोही राज्यको उत्तरी क्षेत्रमा राति साढे १० बजे अर्को दुर्घटना भएको थियो । क्वीन्सल्यान्ड राज्यको सीमाक्षेत्र नजिकै एउटा गाडी सडकबाट बाहिरिएर रुखमा ठोक्किएको थियो ।

उक्त गाडीमा सवार दुई जना २० वर्ष आसपासका व्यक्तिको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । उनीहरूको उद्धारका लागि प्रहरी घटनास्थल पुगे पनि एम्बुलेन्स टोली आइपुग्नुअघि नै दुवैको मृत्यु भएको थियो ।

गाडीमा सवार तेस्रो व्यक्ति पनि २० वर्ष आसपासका रहेको र गम्भीर घाइते अवस्थामा उनलाई उपचारका लागि क्वीन्सल्यान्डको अस्पताल लगिएको छ । उनको अवस्था गम्भीर भए पनि स्थिर रहेको बताइएको छ ।

प्रहरीले दुवै दुर्घटनास्थललाई सुरक्षित गरी घटनाको अनुसन्धान सुरु गरेको छ । दुर्घटनाको कारणबारे थप विवरण सार्वजनिक गरिएको छैन ।

***इजरायललाई...***

**यो ढाँचा संयोग होइन**

यो कुनै एक्लो घटना होइन । यो सम्पूर्ण डिजिटल संरचनामाथि नियन्त्रणलाई ठाडो रूपमा एकीकृत गर्ने एउटा समन्वित अभियानको पछिल्लो कदम हो ।

टिकटक पृथ्वीको सबैभन्दा शक्तिशाली सामाजिक सञ्जाल एल्गोरिदम बन्यो । यसलाई आफ्नो नियन्त्रणमा लिन यहुदीवादीहरू अघि सरे ।

एनभिडिया एआईका लागि सबैभन्दा शक्तिशाली हार्डवेयर तह बनेको छ । यसलाई यहुदीवादीहरूले नियन्त्रणमा लिएका छन् ।

ओपनएआई र एन्थ्रोपिक - दुई प्रमुख फ्रन्टियर प्रयोगशालाहरू - लामो समयदेखि इजरायली गुप्तचर र रक्षा नेटवर्कहरूसँग अल्झिएका छन्; यो सम्बन्ध प्रतिभा, पुँजी र निगरानी सम्झौताहरूको प्रवाह ट्रयाक गर्ने अनुसन्धानकर्ताहरूले दस्ताबेज गरेका छन् ।

अब, सफ्टवेयर तहमा पहिले नै व्यापक प्रभाव जमाइसकेका यहुदीवादीहरूले आफ्नो पहुँच अझ माथिल्लो तहसम्म विस्तार गरेका छन् । उनीहरूले एल्गोरिदम, च्याटबटहरू र अब त्यो सिलिकनलाई पनि नियन्त्रण गर्छन्, जसमाथि सबै कुरा चल्छ ।

यसको अर्थ डरलाग्दो छ । अबको योजना सञ्चारमाध्यमको स्वामित्व वा लबिङमार्फत भाष्य निर्माण गर्नुमा मात्र सीमित छैन । योजना भनेको धारणाको संरचनालाई नै नियन्त्रण गर्नु हो । तपाईंको फिड तयार पार्ने एल्गोरिदमहरू, तपाईंका प्रश्नहरूको जवाफ दिने च्याटबटहरू, र तिनलाई तालिम दिने चिपहरू - सबैलाई एउटै वैचारिक छातामुनि ल्याइँदै छ ।

पहिलोपटक, डिजिटल संसारलाई 'सुधार्ने' स्पष्ट बाटो देखापरेको छ; सम्झाएर वा मनाएर होइन, बल्कि स्वामित्वका माध्यमबाट । जब चिप निर्माता कम्पनी नै सम्झौता गरिएको हुन्छ, तब ती चिपहरूमा तालिम दिइएका हरेक मोडेलमा पनि सोही असुरक्षा सर्छ । जब प्रमुख वित्तीय अधिकृतले इजरायली बैठकहरूबाट आफ्नो दिनको सुरुवात गर्छिन्, तब क्यालिफोर्नियास्थित कार्यालयमा पहिलो कफी पिएर नसकिँदै, प्रविधि क्षेत्रको सबैभन्दा महत्त्वपूर्ण कम्पनीका वित्तीय प्राथमिकताहरू तेलअभिभमा तय भइसकेका हुन्छन् ।

जेन्सेन हुआङ अब कम्पनीमा छैनन् । कथित स्क्यान्डल केवल ध्यान भङ्ग गर्ने हल्ला हो । वास्तविक सङ्केत भने नयाँ सीईओको बिहानको कार्यतालिकामा छ । अनि कर्पोरेट शक्तिको विरोध गर्ने दाबी गर्ने उहीं प्रगतिशील आवाजहरूको मौनता अत्यन्तै चर्को देखिन्छ ।

***स्रोत : द पिपुल्स भ्वाइस डट टीभी***

# नेपालको सुषुप्त स्वास्थ्य सङ्कट : लेडको विषाक्तताबारे कमजोर बहस

✍ डा. केयूर गौतम

हामी स्वास्थ्य समस्याको चर्चा गर्दा प्राय: सङ्क्रामक रोग, कुपोषण, उच्च रक्तचाप, मधुमेह वा क्यान्सरलाई सम्झन्छौं । तर हाम्रो वरिपरि अर्को एउटा यस्तो विष पनि छ, जसले बालबालिकाको मस्तिष्क, गर्भस्थ शिशु, मिर्गौला, मुटु तथा रक्त निर्माण प्रणालीमा गम्भीर असर पुऱ्याइरहेको हुन सक्छ र धेरैपटक यसको कुनै स्पष्ट लक्षणसमेत देखिँदैन । त्यो विष हो- लेड ।

लेड मानव सभ्यताका लागि नयाँ पदार्थ होइन । हजारौं वर्षदेखि मानिसले यसको प्रयोग गर्दै आएको छ । नरम हुने, सजिलै आकार दिन सकिने र तुलनात्मक रूपमा कम तापक्रममै पग्लिने भएकाले लेड विभिन्न प्रयोजनमा उपयोगी मानियो । समयक्रममा यसको प्रयोग रङ्ग, पाइप, ब्याट्री, धातु उद्योग, सौन्दर्य प्रसाधन, माटाका भाँडामा लगाइने लेप (ग्लेज), पेट्रोललगायत अनेकौं क्षेत्रमा विस्तार भयो ।

तर उपयोगी ठानिएको यही धातु मानव स्वास्थ्यका लागि अत्यन्त विषालु रहेछ भन्ने कुरा पनि मानिसले धेरै पहिलेदेखि अनुभव गर्दै आएका थिए । प्राचीन ग्रीक चिकित्सकीय परम्परामा लेडको विषाक्तताका लक्षणबारे चर्चा गरिएको पाइन्छ । रोमन साम्राज्यमा लेडको व्यापक प्रयोगसँगै यसको स्वास्थ्य प्रभाव पनि देखिएको थियो । विशेषगरी लेडयुक्त भाँडा, पाइप तथा रक्सी प्रशोधनमा प्रयोग हुने लेडका यौगिकले मानिसको स्वास्थ्यमा गम्भीर असर पार्न सक्थे ।

### लेड किन यति खतरनाक छ ?

लेडको सबैभन्दा ठुलो समस्या हो- मानव शरीरलाई यसको कुनै जैविक आवश्यकता छैन । शरीरलाई लेड चाहिँदैन । तर शरीरभित्र प्रवेश गरेपछि यसले क्यालिसियम, आइरनलगायत आवश्यक खनिजको जैविक प्रक्रियामा हस्तक्षेप गर्छ र विभिन्न अङ्ग तथा प्रणालीको सामान्य कार्यमा बाधा पुऱ्याउँछ ।

लेडको विषाक्त प्रभावमध्ये सबैभन्दा चिन्ताजनक प्रभाव विकासको क्रममा रहेको मस्तिष्कमा पर्छ । विशेषगरी बालबालिकामा लामो समयसम्म कम मात्रामा भएको लेडको सम्पर्कले पनि बौद्धिक क्षमता, ध्यान, सिकाइ तथा व्यवहारमा प्रतिकूल असर पार्न सक्छ । धेरै मात्रामा लेडको सम्पर्क भएमा स्नायु प्रणालीमा गम्भीर क्षति, बेहोस हुने, चेतना गुम्ने अवस्था र मृत्युसमेत हुन सक्छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) का अनुसार लेडले मिर्गौला, रक्त निर्माण प्रणाली, मुटु तथा रक्तनली र प्रजनन प्रणालीमा पनि प्रतिकूल असर पुऱ्याउन सक्छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने रगतमा लेडको यस्तो निश्चित मात्रा छैन, जसलाई पूर्ण रूपमा सुरक्षित भन्न सकियोस् । पाँच माइक्रोग्राम प्रतिडेसिलिटर वा त्यसभन्दा माथि पुगेमा लेडको स्रोत पहिचान गरी सम्पर्क रोक्न आवश्यक हुन्छ । तर पाँच माइक्रोग्राम प्रतिडेसिलिटरलाई 'सुरक्षित सीमा' भनेर बुझ्नु हुँदैन । उपलब्ध प्रमाणले यसभन्दा कम स्तरमा समेत बालबालिकाको बौद्धिक क्षमता, व्यवहार र सिकाइमा असर पर्न सक्ने देखाएका छन् ।

त्यसैले पाँच माइक्रोग्राम प्रतिडेसिलिटरलाई 'सुरक्षित सीमा' भन्नु वैज्ञानिक रूपमा गलत हुन्छ । यो मुख्यत: थप अनुसन्धान, स्रोत पहिचान र लेडको सम्पर्क रोक्न आवश्यक हस्तक्षेप सुरु गर्नुपर्ने स्तर पहिचान गर्ने आधारका रूपमा बुझ्नुपर्छ ।

### शरीरमा लेड कसरी पुग्छ ?

नेपालमा लेडको सम्पर्कको स्रोत एउटै छैन । दूषित धुलो, माटो, खाना र पानीमार्फत लेड शरीरमा प्रवेश गर्न सक्छ । पुरानो वा लेडयुक्त रङ्ग, विशेषगरी रङ्गको धुलो र खस्रो भएर झरेका कण, बालबालिकाका लागि महत्त्वपूर्ण स्रोत हुन सक्छन् ।

नेपालमा भएका अध्ययन तथा विश्व स्वास्थ्य सङ्गठनको नेपालसम्बन्धी समीक्षाले लेडयुक्त रङ्ग, पुराना तथा असुरक्षित ब्याट्री पुन:प्रशोधन, सौन्दर्य प्रसाधन, माटाका भाँडामा प्रयोग हुने लेडयुक्त लेप, आयुर्वेदिक तथा परम्परागत औषधि र दूषित मसलालाई सम्भावित स्रोतका रूपमा देखाएका छन् । विद्युतीय फोहोर, प्लास्टिक, धातु तथा रङ्गजन्य उद्योगमा काम गर्ने व्यक्तिहरूमा व्यावसायिक जोखिम अझ बढी हुन सक्छ ।

खानाबाट लेड शरीरमा प्रवेश गर्नु विशेष चिन्ताको विषय हो । विभिन्न देशमा बेसारलगायत मसलामा रङ्गका रूपमा लेडयुक्त पदार्थ मिसाइएको पाइएको छ । त्यस्तै, केही परम्परागत औषधि तथा सौन्दर्य प्रसाधनमा पनि लेडको मात्रा भेटिएको अन्तर्राष्ट्रिय अध्ययनले देखाएका छन् ।

छालाबाट लेड शरीरमा प्रवेश गर्न सक्ने भए पनि अकार्बनिक लेडको छालाबाट सोसिने मात्रा सामान्यतया खाने वा सास फेर्ने माध्यमबाट शरीरमा प्रवेश गर्ने मात्राभन्दा निकै कम हुन्छ । त्यसैले लेड विषाक्तताको प्रमुख माध्यमका रूपमा छालाबाट हुने अवशोषणलाई प्रस्तुत गर्नु वैज्ञानिक रूपमा उचित हुँदैन । लेडको सम्पर्कका प्रमुख माध्यममा दूषित धुलो वा कण सास फेर्नु तथा दूषित खाना, पानी वा वस्तु मुखबाट शरीरमा पुग्नु पर्छन् ।

### बालबालिका किन बढी जोखिममा छन् ?

बालबालिकाको शरीर र मस्तिष्क निरन्तर विकासको क्रममा हुन्छ । उनीहरू खेल्दा भुइँ वा धुलो छुन्छन् र त्यसपछि हात मुखमा लैजान सक्छन् । यही कारण दूषित धुलो वा माटोबाट लेड शरीरमा प्रवेश गर्ने सम्भावना उनीहरूमा बढी हुन्छ ।

तर जोखिम केवल व्यवहारसँग सम्बन्धित छैन । विकासशील मस्तिष्क लेडको स्नायुविषाक्त प्रभावप्रति विशेष संवेदनशील हुन्छ । त्यसैले बाहिरबाट बच्चा सामान्य देखिए पनि उसको सिकाइ, ध्यान, स्मरणशक्ति वा व्यवहारमा दीर्घकालीन असर परेको हुन सक्छ ।

विश्व स्वास्थ्य सङ्गठनले बाल्यकालमा हुने लेडको सम्पर्कलाई बौद्धिक क्षमतामा कमी, ध्यान केन्द्रित गर्न कठिनाइ, सिकाइमा समस्या तथा व्यवहारगत समस्यासँग जोडेको छ ।

### शरीरमा पुगेपछि लेड कहाँ जान्छ ?

रगतमा प्रवेश गरेपछि लेड शरीरका विभिन्न अङ्गमा वितरण हुन्छ । यसको ठुलो हिस्सा हड्डी र दाँतमा जम्मा भएर लामो समयसम्म रहन सक्छ । वयस्कको शरीरमा रहेको लेडको ठुलो भाग हड्डीमा भण्डारण भएको हुन्छ ।

हड्डीमा जम्मा भएको लेड वर्षौंसम्म शरीरमा रहन सक्छ । गर्भावस्था जस्ता अवस्थामा हड्डीबाट लेड फेरि रगतमा निस्कन सक्छ र गर्भस्थ शिशुसम्म पुग्न सक्छ । यसकारण लेडको सम्पर्कको असर तत्काल मात्र होइन, वर्षौंपछि पनि देखिन सक्छ ।

यसले हामीलाई एउटा महत्त्वपूर्ण पाठ सिकाउँछ- लेड केवल आजको विष होइन; यो शरीरमा लामो समयसम्म रहने विषाक्त विरासत पनि हो ।

### नेपालमा समस्या कति ठुलो छ ?

नेपालमा उपलब्ध अध्ययनहरूले लेडको जोखिमलाई गम्भीरतापूर्वक लिनुपर्ने सङ्केत गरेका छन् । विश्व स्वास्थ्य सङ्गठनले सन् २०२१ मा प्रकाशित गरेको नेपालसम्बन्धी समीक्षाअनुसार काठमाडौं, वीरगञ्ज तथा धरान-धनकुटालगायतका औद्योगिक क्षेत्रमा गरिएका विभिन्न अध्ययनमा बालबालिकाको रगतमा लेडको मात्रा उच्च देखिएको थियो ।

युनिसेफ र प्योर अर्थले सन् २०२० मा प्रकाशित गरेको विश्वव्यापी विश्लेषणले नेपालमा पाँच वर्षमुनिका बालबालिकाको ठुलो हिस्सामा रगतमा लेडको मात्रा पाँच माइक्रोग्राम प्रतिडेसिलिटरभन्दा माथि हुन सक्ने अनुमान गरेको थियो ।

तर यहाँ एउटा महत्त्वपूर्ण कुरा छुटाउनु हुँदैन- पाँच माइक्रोग्राम प्रतिडेसिलिटरलाई सुरक्षित सीमा मान्न मिल्दैन । यो स्तरभन्दा कममा समेत लेडले बालबालिकाको स्वास्थ्यमा असर पार्न सक्ने प्रमाणहरू छन् । त्यसैले नेपालमा वास्तविक जोखिम कति ठुलो छ भन्ने यकिन गर्न नियमित, प्रतिनिधिमूलक र देशव्यापी अध्ययन तथा निगरानी प्रणाली आवश्यक छ ।

नेपालमा लेडको जोखिमबारे केही अध्ययन भएपनि समस्या कुन-कुन स्रोतबाट बढी भइरहेको छ, कुन उमेर समूह र भौगोलिक क्षेत्रमा जोखिम बढी छ तथा जोखिम घटाउने हस्तक्षेप कति प्रभावकारी छन् भन्ने विषयमा अझ पर्याप्त तथ्याङ्क आवश्यक छ । त्यसैले अब लेडको जोखिमबारे छिटफुट अध्ययन मात्र होइन, निरन्तर राष्ट्रिय निगरानी आवश्यक छ ।

### सम्यक डायग्नोस्टिकको खोज : नेपालभित्रै देखिएको गम्भीर सङ्केत

सम्यक डायग्नोस्टिक प्रालिले सन् २०१५ देखि रक्तमा लेडको स्तर परीक्षण गर्दै आएको छ




र यस क्षेत्रमा निरन्तर काम गरिरहेको छ ।

सम्यकद्वारा गरिएका विभिन्न अध्ययनले नेपालमा लेडको सम्पर्क केवल सैद्धान्तिक जोखिम नभई वास्तविक स्वास्थ्य समस्या हुन सक्ने देखाएका छन् ।

सन् २०१७ मा वीरगञ्जमा गरिएको अध्ययनमा सहभागी ५० बालबालिकामध्ये सबैको रगतमा लेडको औसत मात्रा २० माइक्रोग्राम प्रतिडेसिलिटरभन्दा बढी देखिएको तथा ८४ प्रतिशतमा १० माइक्रोग्राम प्रतिडेसिलिटरभन्दा बढी रहेको सम्यकको तथ्याङ्कले देखाउँछ । यस्तो निष्कर्षले औद्योगिक तथा वातावरणीय लेडको सम्पर्कको सम्भावित जोखिमप्रति गम्भीर ध्यानाकर्षण गराउँछ ।

सन् २०२० रङ लगाउनेहरुमा गरिएको अध्ययनमा औसत रक्त लेड स्तर ११.६८ माइक्रोग्राम प्रतिडेसिलिटर रहेको जनाइएको छ ।

सन् २०२१ को प्रजनन स्वास्थ्यसम्बन्धी अध्ययनमा पनि महिला तथा पुरुषमा उल्लेखनीय रक्त लेड स्तर देखिएको सम्यकको अध्ययनले जनाएको छ ।

त्यसैगरी, सन् २०२६ मा सौन्दर्यकर्मीहरूमा गरिएको अध्ययनमा २० प्रतिशतमा रक्त लेड स्तर २० माइक्रोग्राम प्रतिडेसिलिटरभन्दा बढी रहेको पाइएको छ । अर्को बालबालिकासम्बन्धी अध्ययनमा ६९.२ प्रतिशतमा ३.५ माइक्रोग्राम प्रतिडेसिलिटरभन्दा बढी रक्त लेड स्तर देखिएको सम्यकले जनाएको छ ।

यी अध्ययनहरू फरक-फरक समय, समूह र सन्दर्भमा गरिएका भए पनि तिनले नेपालमा लेडको सम्पर्कबारे थप व्यवस्थित अध्ययन र निगरानी आवश्यक रहेको सङ्केत गर्छन् । विशेषगरी बालबालिका, औद्योगिक क्षेत्र तथा जोखिमयुक्त पेसामा संलग्न व्यक्तिमा लेडको स्रोत पहिचान र जोखिम न्यूनीकरणलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ ।

### नेपालको मुख्य चुनौती : एक्सपोजर रोक्ने कि लक्षण उपचार गर्ने?

लेड विषाक्तताको सबैभन्दा ठुलो समस्या यसको 'सुषुप्त' प्रकृति हो । सामान्य वा मध्यम स्तरको लेडको सम्पर्कमा बच्चालाई तुरुन्तै बान्ता, दौरा वा बेहोस हुनेजस्ता लक्षण नदेखिन सक्छन् । बरु उसले अपेक्षाअनुसार पढाइमा प्रगति नगर्न सक्छ, ध्यान केन्द्रित गर्न कठिनाइ हुन सक्छ वा व्यवहारमा परिवर्तन देखिन सक्छ ।

वयस्कमा पेट दुख्ने, कब्जियत, कमजोरी, रक्तअल्पता, उच्च रक्तचाप वा मिर्गौलासम्बन्धी समस्या देखिन सक्छ । गम्भीर विषाक्ततामा स्नायु प्रणालीमा गम्भीर क्षति पुग्न सक्छ ।

त्यसैले असामान्य वा लामो समयदेखि भइरहेको पेट दुखाइ, व्यावसायिक रूपमा लेडको सम्पर्कमा रहने अवस्था, लेडयुक्त रङ्ग, ब्याट्री वा धातु उद्योगसँगको सम्पर्क, दूषित पदार्थको सम्भावित सेवन वा बालबालिकामा उच्च जोखिमको इतिहास भए चिकित्सकले रगतमा लेडको मात्रा परीक्षण आवश्यक छ कि छैन भनेर विचार गर्नुपर्छ ।

### उपचारभन्दा रोकथाम प्रभावकारी

लेड शरीरमा प्रवेश गरिसकेपछि त्यसलाई निकालेर शरीरलाई तुरुन्तै पुरानै अवस्थामा फर्काउने कुनै सरल उपचार छैन । त्यसैले सबैभन्दा प्रभावकारी उपाय भनेको लेडको स्रोत पहिचान गरेर त्यसको सम्पर्क नै रोक्नु हो ।

उच्च स्तरको विषाक्ततामा चिकित्सकीय निगरानीमा चेलासन थेरापी (लेडलाई शरीरमा बाँधेर बाहिर निकाल्न सहयोग गर्ने उपचार) आवश्यक पर्न सक्छ । तर यसका लागि पेनिसिलामिन मात्र प्रयोग हुन्छ भन्ने बुझाइ अपूर्ण हो । बिरामीको अवस्था र रक्त लेडको स्तरअनुसार सक्सिमर, पेनिसिलामिन, सोडियम क्यालिसियम एडेटेट तथा डाइमर्काप्रोलजस्ता औषधि प्रयोग गर्न सकिन्छ । औषधिको छनोट बिरामीको उमेर, विषाक्तताको गम्भीरता, गर्भावस्था तथा अन्य चिकित्सकीय अवस्थामा निर्भर हुन्छ ।

नेपालमा चुनौती औषधि उपलब्धताको मात्रै होइन । रगतमा लेडको परीक्षण, आवश्यक परे पुन: परीक्षण, विशेषज्ञ सेवामा पठाउने व्यवस्था र उपचारपछि नियमित अनुगमनसमेत व्यवस्थित हुन आवश्यक छ ।

### समाधान कहाँबाट सुरु गर्ने ?

पहिलो, जोखिममा रहेका बालबालिका, गर्भवती महिला तथा उच्च जोखिमका पेसामा संलग्न व्यक्तिको पहिचान गरी आवश्यकताअनुसार रक्त लेड परीक्षण विस्तार गर्नुपर्छ ।

दोस्रो, रङ्गमा लेडको नियमन कागजमा मात्र सीमित हुनु हुँदैन । बजारमा बिक्री हुने रङ्गको नियमित परीक्षण, मापदण्ड उल्लङ्घन गर्नेलाई कारबाही र उपभोक्तालाई सही सूचना उपलब्ध गराउनुपर्छ ।

तेस्रो, ब्याट्री पुन:प्रशोधन, धातु गलाउने उद्योग, विद्युतीय फोहोर, माटाका भाँडा, सौन्दर्य प्रसाधन तथा परम्परागत औषधिमा प्रभावकारी बजार अनुगमन आवश्यक छ ।

चौथो, मसला तथा अन्य खाद्य पदार्थमा लेडको नियमित प्रयोगशाला परीक्षण हुनुपर्छ ।

पाँचौं, स्वास्थ्यकर्मीलाई लेड विषाक्तता पहिचान र व्यवस्थापनसम्बन्धी तालिम दिनुपर्छ । 'पेट दुख्यो- औषधि खाऊ' भन्ने सामान्य चिकित्सकीय दृष्टिकोणले कहिलेकाहीं वास्तविक कारणलाई वर्षौंसम्म ओझेलमा पार्न सक्छ ।

नेपालले लेडयुक्त पेट्रोलबाट बाहिर निस्केर एउटा महत्त्वपूर्ण सफलता हासिल गरिसकेको छ । अब चुनौती पेट्रोलभन्दा बाहिर छ, रङ्ग, ब्याट्री, औद्योगिक फोहोर, सौन्दर्य प्रसाधन, परम्परागत औषधि, मसला तथा अन्य सम्भावित स्रोतमा ।

### मौनता भङ्ग गर्ने समय

लेडको जोखिम घटाउने प्रभावकारी रणनीति केवल अस्पतालमा उपचार खोज्नु होइन, लेड मानिसको शरीरसम्म पुग्नै नदिने प्रणाली निर्माण गर्नु हो ।

लेडको विषाक्तता कुनै एक अस्पताल, चिकित्सक वा संस्थाले मात्र समाधान गर्न सक्ने समस्या होइन । यो स्वास्थ्यसँगै वातावरण, उद्योग, खाद्य सुरक्षा, उपभोक्ता संरक्षण र शिक्षासँग जोडिएको सार्वजनिक स्वास्थ्य सङ्कट हो । त्यसैले यसको समाधान पनि बहुआयामिक र समन्वित हुनुपर्छ ।

सबैभन्दा चिन्ताको विषय के हो भने लेडले गरिसकेको क्षतिलाई उपचारपछि पूर्ण रूपमा उल्ट्याउन सधैं सम्भव हुँदैन । विशेषगरी बालबालिकाको मस्तिष्क विकासमा परेको असर दीर्घकालीन हुन सक्छ । त्यसैले लेडको विषाक्ततामा उपचारभन्दा रोकथामको मूल्य धेरै ठुलो हुन्छ ।

नेपालमा अब प्रश्न 'लेडको विषाक्तता छ कि छैन ?' भन्ने मात्र होइन । उपलब्ध अध्ययनहरूले विभिन्न क्षेत्रमा लेडको जोखिम देखाइसकेका छन् । वास्तविक प्रश्न हो- लेड कहाँबाट आइरहेको छ, कसरी मानिससम्म पुगिरहेको छ र त्यसलाई नियन्त्रण गर्न हामी कति छिटो काम गर्छौं ?

यसका लागि सरकारले स्पष्ट राष्ट्रिय नीति र कार्ययोजना बनाउन आवश्यक छ । लेडको सम्भावित स्रोत पहिचान, नियमित अनुगमन, खाद्य तथा उपभोग्य वस्तुको परीक्षण, जोखिमयुक्त उद्योगको नियमन र मापदण्डको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राख्नुपर्छ । स्वास्थ्य प्रणालीमा जोखिममा रहेका बालबालिका तथा अन्य समूहको परीक्षण, पहिचान र उपचारका लागि आवश्यक क्षमता पनि विस्तार गर्नुपर्छ ।

त्यत्तिकै महत्त्वपूर्ण विषय जनचेतना हो । लेड कहाँ पाइन्छ, यसको सम्पर्कबाट कसरी जोगिने र सम्भावित जोखिम देखिएमा कहाँ परीक्षण गर्ने भन्ने जानकारी आम नागरिकसम्म सहज भाषामा पुग्नुपर्छ । विद्यालयलाई यस अभियानको महत्त्वपूर्ण माध्यम बनाउन सकिन्छ । पाठ्यक्रम, स्वास्थ्य शिक्षा, शिक्षक अभिमुखीकरण तथा विद्यालयस्तरीय सचेतना कार्यक्रममार्फत बालबालिका र अभिभावकलाई लेडको जोखिमबारे जानकारी दिन सकिन्छ ।

उद्योग र व्यवसायको जिम्मेवारी पनि उत्तिकै महत्त्वपूर्ण छ । उत्पादन प्रक्रियामा लेडको प्रयोग वा उत्सर्जन हुने क्षेत्रले स्वास्थ्य तथा वातावरणीय मापदण्ड पालना गर्नुपर्छ । उपभोक्तालाई जोखिममा पार्ने वस्तुको उत्पादन र बिक्री रोक्न नियामक निकायले नियमित अनुगमन र कारबाही गर्नुपर्छ ।

लेडमुक्त नेपाल कुनै आदर्शवादी नारा मात्र होइन । यो हाम्रा बालबालिकाको बौद्धिक विकास, भावी मानव पुँजी, परिवारको स्वास्थ्य र देशको आर्थिक उत्पादकत्वसँग जोडिएको लगानी हो ।

आज एउटा बच्चालाई लेडको जोखिमबाट जोगाउनु भनेको भोलि एउटा स्वस्थ मस्तिष्क, सक्षम नागरिक र स्वस्थ पुस्ता जोगाउनु हो ।

त्यसैले लेडको विषाक्ततालाई अब सुषुप्त सङ्कटका रूपमा छोडिरहनु हुँदैन । सरकारले नीति र नियमनलाई प्रभावकारी बनाउनुपर्छ, उद्योगले जिम्मेवारी लिनुपर्छ, स्वास्थ्य प्रणालीले परीक्षण र उपचारको क्षमता बढाउनुपर्छ, विद्यालयले जनचेतनाको अभियान अघि बढाउनुपर्छ र नागरिक समाज तथा सञ्चारमाध्यमले निरन्तर खबरदारी गर्नुपर्छ ।

***(विश्व स्वास्थ्य सङ्गठनको लेडसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा डा. गौतमले प्रस्तुत गरेका विचारलाई आधार बनाएर स्वास्थ्य खबरले गरेको कुराकानीमा आधारित सामाग्री)***

***- स्वास्थ्य खबर डटकमबाट***

# नागरिकले जीवनमा परिवर्तनको अनुभूति पाउनुपर्छ

काठमाडौँ, २९ कार्तिक । पुँजीवादी व्यवस्थाले ल्याएको विकृतिको अन्त्यको विकल्प कुनै नयाँ दल र नयाँ सरकार होइन । नयाँ दलले देश र जनताको हितमा काम गर्ने र पुरानो दलले नगर्ने भन्ने भनाइ दृष्टिदोष हो । कुन दल ठीक र बेठीकको नापो नयाँ सरकार होइन न त पुरानो दल नै हो । कुनै पनि दललाई चिन्ने आधार त्यो दलको सिद्धान्त र विचार हो; सिद्धान्त र विचारलाई व्यवहारमा लागू गरेको छ कि छैन भन्ने हो । सिद्धान्त र विचार कुन वर्गको पक्षमा छ भन्ने थाहा पाउनुपर्छ । पुरानो सरकारी दलहरूको कारण वाक्कदिक्क भएरै अर्को दल छानेका युवाहरू अहिले रास्वपाको कार्यशैलीका कारण निराश भएका छन् । पुँजीवादी व्यवस्थाको नेतृत्व गर्ने दलहरू सबै एउटै ड्याङको मूला भएको अनुभव जनताले गर्न थालेका छन् । राजनीतिक पृष्ठभूमि नभएका थरीथरी मतका युवाहरू समेटिएको रास्वपाको स्पष्ट दृष्टिकोण नभएकोले निर्वाचनमा मत हालेका शुभचिन्तकहरू अहिले विरोधमा उत्रेका छन् ।

राजनीति कसैको लहै लहैमा होइन सुझबुझका साथ गर्नुपर्छ । सतही राजनीति गरेको दलको सरकारले सही ढङ्गले देशको नेतृत्व सम्हाल्न सक्दैन । पुरानो सरकारले देश र जनताको पक्षमा काम गरेन भनेर विकल्पको रूपमा रोजिएको रास्वपाको कार्यशैली हेरेर जनता असन्तुष्ट हुन थालेका छन् । एनजीओ, आइएनजीओ, सहकारी र पुरानो पार्टी छोडेर राजनीतिमा होमेका सत्तासीन दलका युवा नेता, मन्त्री र सांसदहरूमा सिद्धान्त र विचार नभिजेका कारण देशको राजनीतिक परिस्थिति अन्यत्रै मोडिन लागेको अड्कल गरिएको छ । सिद्धान्त र विचार नभिजेको रास्वपाका नेताहरूले आफ्नै दलका सांसदहरूलाई तह लगाउन सकेका छैनन् । सुकुमवासीहरूको घर भत्काउने वर्तमान सरकारले सुकुमवासीको भजन गाएर भवन ठड्याउने रास्वपाका सांसदलाई कारबाहीको प्रक्रियामा ल्याउन सकेको छैन । सहकारी ठगीको आरोप लागेका रास्वपाका नेताहरूको मुद्दा प्रक्रिया अघि बढाएको छैन । हिजो आफ्ना दलका नेता, सांसद र कार्यकर्ताहरूले गरेको गल्ती छोप्न सरकार लाग्यो भनी विरोध गर्ने दलका नेताहरूको हातमा सरकार पुगे पनि अहिले पनि त्यही हालत देखिएकोले पुरानो सरकार र नयाँ सरकारबिच खासै फरक नदेखिएको राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ ।

नयाँ सरकार गठन भएको आठ महिना बित्यो । तर, हिंसा र दुर्व्यवहार घटेको देखिँदैन । गर्भवती र सुत्केरीमाथि पनि घरदेखि अस्पतालसम्म हिंसा र दुर्व्यवहार बढेको खबर छापामा आयो । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को अनुमतिमा महिला, कानुन र विकास मञ्चले गरेको अध्ययनअनुसार गर्भवती र सुत्केरी अवस्थामा हिंसा भोग्नेमा मधेसमा ४६ प्रतिशत, कर्णालीमा ४८ प्रतिशत र सुदूरपच्छिममा पनि ४८ प्रतिशत रहेको सार्वजनिक भयो । छोरी जन्मायो भनेर कुटपिट गर्ने, लिङ्ग पहिचान गर्न अस्पताल जाऊ भनेर श्रीमान्ले दबाब दिने, छोरी देखिए गर्भपतन गराउने, लोग्नेले मदिरा सेवन गरेर झगडा गर्ने, सुत्केरीको समयमा पनि गह्रौँ भारी बोक्नुपर्ने जस्ता शारीरिक र मानसिक यातना सहनु परेको महिलाहरूको दुखेसो हो । यस्ता हिंसात्मक गतिविधिको अन्त्य गर्न सरकारले केही पहल गरेको छैन । हिंसात्मक घटना बढिरहेको छ भने सुशासनको आशा कसरी गर्ने ?

सवारी दुर्घटना पनि देशको अर्को समस्या हो । सवारी दुर्घटना नभएको दिन सायदै हुँदैन । सवारी दुर्घटनाको कारण वर्षमा हजारौँको मृत्यु हुन्छ । ठुलठुला सडक दुर्घटना हुँदा छानबिन समिति गठन गरिएको हुन्छ । तर, छानबिन समितिको प्रतिवेदन व्यवहारमा लागू हुँदैन । चालकबिच अस्वस्थ प्रतिस्पर्धा, सीट क्षमताभन्दा बढी यात्रु, बाटोमा क्रस गर्दा, घुम्ती बाटो, खाल्डाखुल्डी बाटो, चालकको लापरबाही आदिले गर्दा सडक दुर्घटना भइरहेको हो । एकातिर सवारी दुर्घटना अन्त्य या न्यूनीकरण गर्नु जरूरी छ भने अर्कोतिर गठित छानबिन समितिको प्रतिवेदनलाई लागू गर्नुपर्ने, रात्रिकालीन चालकको अधिकतम कार्य समय निर्धारण गर्नुपर्ने, चालकलाई विश्रामको व्यवस्था गर्नुपर्ने, सडक सुरक्षा पूर्वाधारमा सुधार गर्नुपर्ने देखिन्छ । यस्ता पूर्वाधारहरू तयार भएमा सवारी दुर्घटना न्यून हुने बताइएको छ ।

सुशासनको नाउँमा कानुनी प्रक्रिया, संवैधानिक मर्यादा र नागरिक अधिकारलाई कमजोर बनाउने काम सरकारको होइन । सरकारको आलोचना गर्नेहरूलाई विरोधी ठान्ने, असहमतिलाई शत्रुको रूपमा लिने राजनीति सच्चा राजनीति होइन । नागरिकले जीवनमा परिवर्तनको अनुभूति पाउनुपर्छ । स्वदेशमै रोजगारीको व्यवस्था, शिक्षा र स्वास्थ्य सेवामा सहज पहुँच, भ्रष्टाचार नियन्त्रण, न्याय समयमै पाउनु, कार्यालयमा बिनापैसा र चाकरीबिना काम सहज ढङ्गले हुनु आदि जनताका आधारभूत अपेक्षा हुन् । के यी आधारभूत आवश्यकता या अपेक्षा जनताले अनुभव गर्न पाएका छन् ? यसमा सरकार र सत्तारुढ दल जिम्मेवार बन्नुपर्छ । सबै समस्या तत्काल पूरा गर्न नसके पनि एकपछि अर्को पूरा गर्दै जानुपर्छ । जनताको समस्या समाधान गर्ने अधिकार पाएको रास्वपाको सरकारले आफ्नो जिम्मेवारी पूरा गरेको देखिँदैन ।

# महिला अन्तर्राष्ट्रिय गोल्डकप: अक्वा एफसीलाई हराउँदै एपीएफ सेमिफाइनलमा

सुनसरी, २९ कार्तिक । भारतको अक्वा एफसी झारखण्डलाई ७-० गोलअन्तरले पराजित गर्दै विभागीय टोली सशस्त्र प्रहरी बल (एपीएफ) फुटबल क्लब प्रथम धरान अन्तर्राष्ट्रिय महिला गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

धरानमा शनिबारदेखि सुरु भएको रात्रिकालीन प्रतियोगिताको उद्घाटन खेलमा एपिएफका पूर्णिमा राईले खेलको १८ औँ मिनेटमा गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए । त्यसपछि २२ औँ मिनेटपछि अक्वाका खेलाडीबाट आत्मघाती गोल भएपछि एपिएफले अग्रता दोब्बर बनायो । खेलको २९ औँ मिनेटमा रश्मिकुमारी घिसिङले गोल थपेपछि पहिलो हाफमा एपीएफले ३-० को अग्रता बनाएको थियो ।

दोस्रो हाफको १३औँ मिनेटमा पूर्णिमाले व्यक्तिगत दोस्रो गोल गरेका थिए । त्यसको चार मिनेटपछि हेडमार्फत गोल गर्दै उहाँले ह्याट्रिक पूरा गरे । खेलको ७८औँ मिनेटमा पूर्णिमाले व्यक्तिगत थप एक गोल गरेका थिए । खेल सकिन एक मिनेट बाँकी रहँदा रश्मिकुमारीले व्यक्तिगत दोस्रो गोल थपेपछि एपीएफ ७-० गोलअन्तरले विजयी भएको हो ।

खेलको 'म्यान अफ दी म्याच' एपीएफकी पूर्णिमा राई घोषित हुनुभयो । उहाँलाई नगद रु. १० हजार पुरस्कार प्रदान गरिएको आयोजक फुटबल क्लबका अध्यक्ष तथा प्रतियोगिता संयोजक सन्तोष राईले जानकारी दिनुभयो ।

प्रतियोगिताअन्तर्गत आज ( आइतबार) आयोजक स्वर्णिम फुटबल क्लब धरान र गाईघाट फुटबल क्लब उदयपुरबिच प्रतिस्पर्धा हुनेछ । डी-१९ क्लब धरान-१९ र स्वर्णिम फुटबल क्लबको संयुक्त आयोजनामा शनिबारदेखि सुरु भएको प्रतियोगिता आगामी मङ्सिर ५ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा भारतसहित आठ टोली सहभागी छन् ।

प्रतियोगिताको विजेताले रु. पाँच लाखसहित ट्रफी र उपविजेताले रु. तीन लाख पुरस्कार प्राप्त गर्नेछन् । प्रत्येक खेलको 'प्लेयर अफ दी म्याच'लाई रु. १० हजार प्रदान गरिनेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई विद्युतीय स्कुटर प्रदान गरिनेछ भने व्यक्तिगत विधातर्फ उत्कृष्ट हुने खेलाडीलाई जनही रु. १५ हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । ***रासस***

# सुनसरीमा छठ पर्वका सामग्रीको व्यापार बढ्यो, पूजास्थल तयार

सुनसरी, २९ कार्तिक । आज मनाइने छठ पर्वका लागि सुनसरीमा बाँसको चोयाबाट बनाइएका पूजाका सामग्रीको व्यापार बढेको छ । तिहार सकिएसँगै बजारमा शनिबार अबेरसम्म डालो, नाङ्लो, डोको, कोनिया र ढाकीलगायत सामग्री खरिद गर्ने सर्वसाधारणको भीड लागेको थियो ।

छठ पूजामा बाँसको चोयाबाट बनाइएका सामग्री प्रयोग गर्ने परम्परा रहेकाले पर्वका अवसरमा यस्ता सामग्रीको माग बढ्ने गरेको व्यापारी बताउँछन् । विशेषगरी पूजाका लागि फलफूल राख्न प्रयोग गरिने कोनिया र ढाकीको माग बढी हुने गरेको छ ।

रामधुनी नगरपालिका-५ झुम्काका व्यापारी धर्मुकु स्वामीले छठ पर्वका अवसरमा तीनचार दिनमै रु. तीन लाखभन्दा बढीका बाँसका सामग्री बिक्री हुने गरेको बताउनुभयो । उहाँले भोजपुर, धनकुटालगायत पहाडी जिल्ला तथा भारतका विभिन्न स्थानबाट सामग्री खरिद गरेर ल्याई बिक्री गर्दै आउनुभएको छ । स्थानीय बजारमा पर्याप्त सामग्री नपाइने भएकाले पहाडी क्षेत्र तथा भारतबाट खरिद गरेर ल्याउनुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो ।

अर्का व्यापारी रितेश रौनियाले छठ पूजामा बाँसका सामग्री अनिवार्यजस्तै मानिने भएकाले यसको माग बढ्ने गरेको बताउनुभयो । छठ पर्व आफूहरूजस्ता व्यापारीका लागि मौसमी व्यापारको अवसरसमेत बनेको उहाँको भनाइ छ । तिहार सकिएलगत्तै छठको रौनक सुरु हुने र बिहानदेखि बेलुकासम्म पसलमा ग्राहकको भीड लाग्ने गरेको उहाँले बताउनुभयो ।

सप्तकोसी, बुढीखोला, सर्दुखोला, सेउतीखोला, सुनसरी खोलाका साथै झुम्का-चतरा नहर किनारमा सरसफाइ र सजावट गरिएको छ । पूजास्थलमा दीप, रङ्गोली तथा बत्तीको व्यवस्था मिलाइएको छ । ***रासस***

***कार्की...***

प्रहरीको अवधारणालाई तत्काल कार्यान्वयनमा ल्याउनुपर्दछ ।

राष्ट्रिय सुरक्षा परिषद्मा नेपाल प्रहरी प्रमुखको प्रतिनिधित्व हुनुपर्दछ ।

भदौ २३ र २४ गतेको घटनाले राज्यको सुरक्षा निकायहरूको सञ्चालन विधि र प्रक्रिया ध्वस्त भएको सङ्केत गर्दछ । तसर्थ, राज्यको महत्त्वपूर्ण एवम् संवेदनशील निकायमा पूर्णरूपमा राजनीतिक प्रणालीको हस्तक्षेप निषेध गर्न नेपाल सरकारले तत्काल आवश्यक कानुन निर्माणको लागि पहल गर्नुपर्दछ ।

कानुनत: प्रहरी सङ्गठनमा प्रहरी स्वयम् सेवक (Police volunteer) को व्यवस्था गरिनुपर्छ जसले प्रहरीप्रतिको नागरिकको आकर्षण बढ्दछ ।

Cyber/Forensics/Intelligence/ Financial crime Investigation/ CID, Riot control लगायतका एकाइहरूलाई ONM तथा आवश्यकताको आधारमा विशेषीकृत एकाइ बनाइनुपर्छ ।

स्थानिय सरकारसँगको सहकार्यमा सामुदायिक प्रहरी सेवा (Community Policing) लाई राष्ट्रिय नीतिमा समावेश गरी विकास र विस्तार गर्नुपर्छ ।

भदौ २४ गतेको लुटपाट, तोडफोड र आगजनीमा संलग्न व्यक्तिहरूको पहिचान गरी कारबाहीको दायरामा नल्याउञ्जेलसम्म सर्वसाधारण नागरिकको राज्यप्रतिको विश्वासमा गहिरो खाडल बन्न जाने हुँदा दण्डहिनताको अन्त्यका लागि राज्यले प्रहरीलगायतका अनुसन्धान गर्ने निकायहरूलाई थप व्यवस्थित, साधन-स्रोत सम्पन्न गराउनुपर्ने ।

प्रहरीको कामकारबाही, आचरण व्यवहार, भ्रष्टाचारबारे अनुगमन गर्न तत्काल Independent Civilian Oversight Commission (ICOC) गठन गर्नुपर्दछ ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

## किसान सूचीकरणसम्बन्धी सूचना

किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ अनुसार किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरूलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न किसानहरूको आवश्यक विवरणहरू विद्युतीय प्रणालीमार्फत सङ्कलन गरी किसान परिचयपत्र उपलब्ध गर्नका लागि भक्तपुर नगरपालिकाले आ.व. २०७९/८०, ८०/८१ र ८१/८२ मा सहजकर्ता खटाई किसान सूचीकरण कार्यक्रम सञ्चालन गरी कृषक सूचिकृत गरेकोमा छुटेका कृषकहरूलाई सूचिकृत हुनका लागि सम्बन्धित वडा कार्यालय वा यस नगरपालिकाको कृषि तथा पशुपन्छी विकास शाखा, दूधपाटीमा सम्पर्क गर्नुहुन अनुरोध छ । किसान सूचीकरण प्रणालीमा सूचिकृत हुन हालसालै खिचेको फोटो, नागरिकताको प्रमाणपत्र साथै अन्य खेतीको विवरण उपलब्ध गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौँ ।

**प्रमुख प्रशासकीय अधिकृत**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
**ख्वप कलेज अफ ल**
भ.न.पा. ६, देकोचा, भक्तपुर

## बोलपत्र/दरभाउपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८३/०७/३०**

**ख्वप कलेज अफ ल**को लागि शैक्षिक तथा प्रशासनिक कार्यको लागि घर बहालमा लिनेसम्बन्धी प्रस्ताव, फर्निचर खरिद तथा कलेजको हल निर्माण गर्ने कार्यको लागि सिलबन्दी प्रस्ताव, दरभाउपत्र तथा बोलपत्र आह्वानको सूचनाअनुसार दर्ता भएका प्रस्ताव, दरभाउपत्रहरू र बोलपत्रहरूमध्ये तपसिलका बोलपत्र सार्वजनिक खरिद ऐनबमोजिम सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, नियमानुसार दरभाउपत्र दाताहरू एवं सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विवरण | बोलपत्र/ दरभाउपत्र/प्रस्ताव नं. | कबोल अङ्क | छनोट भएको दरभाउपत्रदाता |
|---|---|---|---|
| THE PROCUREMENT OF CONSTRUCTION OF HALL | NCB/WORKS/KCL/083/84 | Nrs.11,65,482/- Including Vat | Shreejanshil Nirman Sewa Pvt. Ltd. |
| THE PROCUREMENT OF SUPPLY AND DELIVERY OF FURNITURE | SQ/GOODS/KCL/ FURNITURE/083/84 | Nrs.25,38,372.79/- Inculding VAT | Neorise Engineering Consultancy & Construction Pvt. Ltd. |
| THE PROCUREMENT PROPOSAL FOR BUILDING RENTAL/083/84 | SQ/KCL/ BUILDING RENT/083/84 | Nrs.65,000/- Per month including tax | Maiya Hyaumikha |

## पशु वधशाला र मासु जाँच सम्बन्धी सूचना

"उपभोक्तालाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ गतेदेखि काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा, २०८३ माघ १ गतेदेखि बाँकी सबै नगरपालिकाहरुमा र २०८४ साउन १ गतेदेखि देशैभरी पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुने गरी राजपत्रमा सूचना प्रकाशन भएको हुँदा ऐन कार्यान्वयनमा मासु व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोगका लागि हार्दिक अनुरोध छ" ।

**मासु मात्र हैन, स्वस्थ मासु खोजौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा